**जाडोको समयमा चीसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ पुस ०७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 22 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११४


## समातिएका पाँचजना शिकारीमध्ये एकजना चर्चित गाँजा तस्कर

# घर पूर्व गापाध्यक्षको, गाडी प्रदेशसभा सदस्यको

प्रस, वीरगंज, ६ मङ्सिर/

पर्सा राष्ट्रिय निकुञ्ज, आधाभारले सोमवार राति पक्राउ गरेको पाँचजना भएको र पूर्वअध्यक्ष जैसवालका सहोदर दाजु हुन् । अहिले जैसवाल दाजुभाइ सम्पर्कविहीन छन् । उनीहरू सम्पर्कमा जैसवाल दाजुभाइलाई भने गोप्य राखेको छ ।

निकुञ्जका संरक्षण अधिकृत डा ४६ वर्षीय विशाल (लक्ष्मण) सहनी, बारा प्रसौनीका ३७ वर्षीय झापसदास थारू, बारा सखुवाप्रसौनीका ४४ वर्षीय नवराज



बरामद ल्यान्डक्रुजर, बोलेरो गाडी, मारिएका जरायोसहित पक्राउ परेका पाँचजना शिकारी । तस्वीरः प्रतीक

शिकारी सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवालको घरबाट पक्राउ परेको खुलेको छ ।

पूर्वअध्यक्ष जयसवालले सखुवाप्रसौनी गापा–१ अकुनियामा विश्रामको लागि घर निर्माण गरेको र सोही घरबाट आरक्षले पाँचजना शिकारीलाई मारिएका दुईवटा जरायो, हतियार, नगदसहित पक्राउ गरेको थियो । पूर्वअध्यक्ष जैसवालको नाम अहिले सार्वजनिक गरिएको छैन ।

त्यसैगरी, सो घटनामा आरक्षले बरामद गरेको प्र.२–०२–०३–००१च३०९० नम्बरको गाडी प्रदेशसभा सदस्य प्रमोद जैसवालको भएको स्रोतले जनाएको छ । प्रदेशसभा सदस्य जैसवाल पर्सा क्षेत्र नं ३ (१)बाट निर्वाचित भएका हुन् । उनी स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित आउन चाहेका छैनन् । तर घटनामा समातिएको प्रदेशसभा सदस्यको नामको बोलेरो गाडी चोरी भएको भनेर प्रहरीमा उजूरी दिने प्रयास भएको प्रहरी स्रोतले बताएको छ ।

आरक्षमा पक्राउ परेपछि फिल्मी पारामा सो गाडी घटनाअगावै चोरी भएको देखाउन खोजिएको छ तर प्रहरीले घटनामा गाडी बरामद भइसकेको अवस्थामा सो उजूरी लिन नमानेको एकजना प्रहरीले प्रतीकलाई बताए । घटनामा पक्राउ परेका पाँचजना शिकारीमध्ये लक्ष्मण सहनी पर्सा जिल्लाका कुनै बेला चर्चित गाँजा तस्कर हुन् । उनले आफ्नो नाम विशाल सहनी भनेर झुक्याउन खोजेका छन् । आरक्षले पनि घटना विवरण सार्वजनिक गरे पनि अशोक रामले पक्राउ परेकाहरू, घरधनी र सवारीधनी सबैजना कारबाहीको दायरामा पर्ने बताए । उनले पक्राउ परेकाहरूको बयानका आधारमा थप चारजना शिकारी फरार रहेको पाइएकाले उनीहरूको पनि गोप्य तरीकाबाट खोजबिन भइरहेको बताए । पक्राउ परेका र यसमा संलग्न हुने थप अभियुक्तहरूविरुद्ध निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२१ अनुसार कारबाही हुने बताए ।

निकुञ्ज सुरक्षार्थ खटेको सिद्धिबक्स गणको टोलीले कोर एरियामा बन्दूक पड्केको आवाज सुनेसँगै सो क्षेत्रमा घेरा हालेर बस्दा पाँचजना शिकारी काभ्रेपलाञ्चोकको सागा निवासी ५७ वर्षीय दामोदर अधिकारी, अकुनियाका बस्नेत, ५२ वर्षीय मालदोङ्ग तामाङसहित १२ बोरको बन्दूक एक थान, सोमा लाग्ने एक राउन्ड गोली, २२ एमएमको नौ राउन्ड गोली, ल्यान्डक्रुजर जीप र बोलेरो गाडी बरामद गरेको थियो । घटनापछि पूर्वअध्यक्ष जयसवालको अकुनियास्थित विश्राम घरमा छापामारी गरेको थियो । बयानका क्रममा पक्राउ परेका शिकारीहरूले पूर्वअध्यक्ष जयसवालको घरमा बसेको र बोलेरो गाडी प्रदेशसभा सदस्य प्रमोद जयसवालको भएको पुष्टि गरेको स्रोतले जनाएको छ । अहिले घटनामा बरामद बोलेरो गाडी चोरी भएको भनी प्रहरीमा उजूरी दिने प्रयासमा प्रदेशसभा सदस्य जयसवाल रहेको स्रोतले जनाएको छ । एकजना प्रहरीले जयसवालले चोरीको झूटो उजूरी दिन आएको तर सो उजूरी प्रहरीले लिन नमानेको बताए । निकुञ्जले घटना सार्वजनिक गरिसकेको अवस्थामा बरामद गाडी चोरी भएको भनेर प्रहरीले उजूरी लिन नमानेको थाहा हुन आएको छ ।

## सोमवारदेखि वीरगंजमा किसानको धान किनिंदै

प्रस, परवानीपुर ६ मङ्सिर/

सरकार मातहतको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि, वीरगंजले आगामी सोमवारदेखि पर्सा, बारा, रौतहटका किसानहरूको धान खरीद गर्ने क्विन्टल खरीद गरिएको थियो भने जीरा मसिनो धान किसानले बिक्री गर्न ल्याएनन् ।

यस वर्ष सरकारसँग सीमित स्रोतसाधन भएकाले विभिन्न मापदण्ड



तस्वीरः प्रतीक

भएको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको संयोजकत्वमा रहेको जिल्ला प्राथमिक खरीद समितिले यस वर्षको धान खरीद गर्नको लागि समर्थन मूल्य निर्धारण गरेपछि धान खरीद गर्ने बाटो खुलेको सो कार्यालयका प्रमुख विकाश कटुवालले बताए । गत पुस ५ गते बसेको प्राथमिक खरीद समितिको बैठकले चालू आवमा सोना मन्सुली धान प्रतिक्विटल रु तीन हजार १२८ र जीरा मसिनो प्रतिक्विन्टल रु तीन हजार २५० को दरमा खरीद गर्ने निर्णय गरेको छ ।

पोहोरभन्दा सोना मन्सुली रु २२६ प्रतिक्विन्टल र जीरा मसिनो रु ३५० दाम बढाएर मूल्य निर्धारण गरिएको छ । पोहोर सोना मन्सुली रु दुई हजार ९०२ र जीरा मसिनो दुई हजार ९१० प्रतिक्विन्टलको दरमा खरीद गरिएको थियो । पोहोर सोना मन्सुली १७ हजार बनाइ सोना मन्सुली १० हजार क्विन्टल र जीरा मसिना दुई हजार क्विन्टल गरी कुल १२ हजार क्विन्टल धान खरीद गर्ने कार्यालयको लक्ष्य रहेको उनले जानकारी गराए ।

धान बिक्रीको लागि एकजना किसानले एउटा ट्याक्टरमा २५ देखि ६० क्विन्टलसम्म मात्र धान ल्याउन सक्छन् । सोको लागि नागरिकताको फोटोकपी, नागरिकता, लालपुर्जाको फोटोकपी, किसान प्रमाणित गरेको स्थानीय तहको पत्र आवश्यक पर्छ । एक कट्ठामा बढीमा दुई क्विन्टल धान उत्पादन हुने भएकोले बिचौलिया र गोलाभण्डारका साहुलाई रोक्न यस किसिमको मापदण्ड निर्धारण भएको छ । धान खरीदमा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोली परिचालन हुने भएकोले बिचौलियाहरूलाई धान खरीद प्रक्रियामा घुसपैठ नगर्न उनले आग्रह गरे ।

## छोराको अंश नछुटयाइ जग्गापास

प्रस, परवानीपुर, ६ मङ्सिर/

पर्सामा एकजना अंशियारको अंश बुबाले हक मार्नको लागि बुढानीलकण्ठ नगरपालिका–३ काठमाडौंमा दर्ता रहेको मिसिल मालपोत कार्यालय, पर्सामा गइसकेको थियो । तर पुरानो मिसिलमा



मालपोत कार्यालय, पर्सामा शिवपूजन साह र मालपोत कार्यालय, पर्साका प्रमुख ऋषिकुमार ढकाल । तस्वीरः प्रतीक

नछुटयाइ जग्गापास भएको घटना सार्वजनिक भएको छ । वीरगंज महानगरपालिका–३१ बेलवाका शिवपूजन साहले छोरा रामबाबू साहको अंश नछुटयाइ जग्गापास गरिदिएको घटना प्रकाशमा आएको छ ।

उनले आज मालपोत कार्यालय, पर्सामा पुगी यसबारेमा कार्यालयका कर्मचारीहरूलाई जानकारी गराउँदै घटनामा घोर चूक भएको आरोप लगाएका छन् । जग्गापास गर्दा चारजना अंशियारको सहीछाप साक्षीमा हुनुपर्नेमा अदिरा फ्लोर्स प्रालिका प्रतिनिधि महम्मद अलि ठकुराईलाई सो जग्गा बेचेको आरोप लगाइएको छ ।

जग्गापास गर्नमा कर्मचारी तथा लेखपढी व्यवसायीको संलग्नता रहेको उनले आरोप लगाए । जग्गापास हुनुभन्दा अगाडि पनि उनले सबैलाई भन्दा पनि जग्गापास गरिदिएकोमा दुःख व्यक्त गरे । जबकि रामबाबू दुई दाजुभाइ हुन् र बुबा तथा आमा गरी चारजना अंशियारको अंशबन्डा पर्सा जिल्ला अदालतबाट गरेर दाखिला खारेज गर्न पहिले नै एउटा आवश्यक कामकारबाई नगरी नयाँ मिसिल खडा गरी बुबाको षडयन्त्र र कर्मचारीको सहयोगमा उक्त जग्गापास भएको उनले बताए ।

यसबारेमा कार्यालयलाई सो निर्णय बदरको लागि माग गर्दै निवेदन दिने र त्यस उपर कुनै कारबाई नभएमा उक्त रजिस्ट्रेशन बदरका लागि किर्ते जालसाजी मुद्दा पर्सा जिल्ला अदालतमा दर्ता गराउने उनले जानकारी गराए । उक्त जग्गा पास हुने क्रममा मालपोत कार्यालयका


(बाँकी अन्तिम पातामा)


## खोलाको टेन्डर नहुँदा विकास निर्माण प्रभावित

प्रस, सेढवा, ६ मङ्सिर/

पर्सा जिल्लाको नदीजन्य पदार्थ सखुवाप्रसौनी गापामा जमुनी खोला र भेडाहा खोलाको टेन्डर भएको छैन ।



बालुवा लोड टयाक्टर । तस्वीरः प्रतीक

उत्खनन कार्यको लागि खोलाको टेन्डर नहुँदा विकास निर्माण कार्य पूर्णरूपमा प्रभावित भएको छ ।

स्थानीय तहमा चालू आव २०७९/८० को विकास निर्माण योजनाहरू सञ्चालनमा आए पनि नदीजन्य पदार्थको अभावमा विकास निर्माण कार्य रोकिएका छन् ।

जीराभवानी गाउँपालिकामा रहेका भलुवाही र ओरिया खोला, पटेर्वासुगौली गापामा रहेका भलुवाही र गादी खोलाको टेन्डर हुन सकेको छैन । यसका साथै

खोला नखुलेको र योजना सञ्चालनमा आउँदा यी खोलाबाट अवैध उत्खनन रोकिएको छैन । आसपासका तस्करहरूले दिउँसै खोलाबाट बालुवा, गिट्टी तथा ग्राभेल उठाइरहेका छन् । तस्करहरूको समूहले भलुवाही खोलाबाट दैनिक पाँच सय टेलर नदीजन्य पदार्थ उत्खनन गरी तस्करी गरिरहेको स्थानीयले जनाएका छन् ।

कतिपय तस्करहरूले खोलाबाट नदीजन्य पदार्थ ल्याइ सडकको छेउमा भण्डारण गर्ने गरेका छन् । यसका लागि नजीकका प्रहरी तथा सशस्त्र प्रहरी एकाइमा मासिक नजरानासमेत बुझाउने गरेका छन् ।

मध्यवर्ती क्षेत्रका बासिन्दाका लागि पर्सा राष्ट्रिय निकुञ्जले नदीजन्य पदार्थ उपलब्ध गराए पनि प्रक्रिया झन्झटिलो हुने गरेको छ । सुनाखरी वन समितिका अध्यक्ष भीमबहादुर पाखिनले बालुवा, गिट्टीको सिफारिश गर्दा नागरिकता, लालपुर्जाको प्रतिलिपि बुझाउनुपर्ने बताए । यसका साथै दररेट पनि निकै बढाएको हुँदा सिफारिश दिन तथा सर्वसाधारणहरूलाई बुझाउन कठिन हुने गरेको उनले बताए ।

पटेर्वासुगौली गापाका ऊर्जा तथा वातावरण शाखा प्रमुख निर्मल सिंहले पटेर्वासुगौलीमा पर्ने भलुवाही खोलाको वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइसकेको बताए । उनले प्रतिवेदन स्वीकृत हुने बित्तिकै टेन्डर गरिने बताए ।

जीराभवानी गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले पालिकामा रहेका भलुवाही र ओरिया खोलाको टेन्डर तीन/चार दिनमैं खोलिने बताए ।

## विचारसार एवं सूक्तिहरू

**प्रेम गर वा घृणा दुवै मेरा हितमा छन् । प्रेम गर्दछौ भने म तिम्रो मुटुमा रहनेछु, घृणा गर्दछौ भने मस्तिष्कमा ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# उत्साहजनक प्रयास

**अहिले नेपाली काङ्ग्रेसको संसदीय दलको नेता चुन्ने विषयले नेपालमा एउटा तरङ्ग ल्यायो । प्रधानमन्त्री र नेका सभापति शेरबहादुर देउवाविरुद्ध पार्टीका महामन्त्री गगन थापाले संसदीय नेता बन्न उम्मेदवारी दिए । देउवासँग थापा मतभिन्नताले पराजित भए । तर थापाले एकलौटी नेतृत्व चलाइआएको नेपाली काङ्ग्रेसभित्र एउटा तरङ्ग चाहिं ल्याइदिएका छन् । नेतृत्वलाई अन्धभक्त भई स्वीकार गर्नुहुन्न र अब नेपालको राजनीतिमा बदलाव आउनुपर्छ भन्ने सबैको सुषुप्त आकाङ्क्षालाई थापाको उम्मेदवारीले मलजल गरेको हुनुपर्छ । राजनीतिक सोच र व्यवहारमा परिवर्तन गाह्रो हुन्छ । थापालाई पनि यो कुरा थाहा नभएको पक्कै होइन, उनको उम्मेदवारी जीतका लागि थिएन र उनको उम्मेदवारीले भोलिको परिवर्तनका लागि मार्ग भने अवश्य प्रशस्त पारिदिएको छ। लोकतन्त्रको मर्म पनि यही हो । कुनै पनि सङ्गठन सबल हुनका लागि रोज्नुपर्ने मार्ग पनि यही हो । एउटै व्यक्तिको आजीवन हालीमुहाली सामन्तशाही हो। तर किन हो, नेपालको जुनसुकै पार्टी होस्, सबैमा एकल नेतृत्वकै बोलवाला छ, त्यसमा हतपत परिवर्तन असाध्य देखिएको छ।**

**बितेका दिनमा नेपालमा चर्को नारा उरेलियो–एक व्यक्ति एक पद हुनुपर्छ भनी । तर व्यवहारमा सकेसम्म एउटै व्यक्ति सबै पदमा हाबी मात्र होइन, स्वयम् रहने अभ्यास चल्दै आएको छ । जो पार्टी सभापति उही संसदीय दलको नेता र जो संसदीय दलको नेता उही प्रधानमन्त्री । र मज्जाको कुरा के भने अपवादबाहेक पार्टी सभापति कहिले परिवर्तन भएको छैन। ऊ सर्वथा अयोग्य किन नहोस्, जतिपटक प्रधानमन्त्री बने पनि देशका लागि माखो मार्न नसकेको किन नहोस् ! यो अवस्था, परिवर्तन स्वीकार गर्न नसक्ने मानसिकताको द्योतक हो । हामीमा बडप्पपन पनि निकै कडा छ । जनस्तरदेखि शासक–प्रशासक र राजनीतिक व्यक्तिहरूसम्म । राजनीतिको पुरानो पुस्ता अयोग्य, थोत्रो नेतृत्व स्वीकार गर्न तयार हुन्छ, तर योग्य र क्रियाशील नयाँ पुस्तालाई अघि बढ्न दिन चाहँदैन, किनकि यसले उसको अहम् घाइते हुन्छ। धेरै पुराना नेताहरूसँग अन्तर्वार्ताको क्रममा आएका विचार र उनीहरूको प्रवृत्तिले यस्तै देखाएको छ । र भनिरहनुपर्दैन नेपालको राजनीतिमा आजको मितिसम्म पुरानाहरूकै धङधडी कायम छ ।**

**यसपालिको निर्वाचनले निकै सुस्त चाल र थोरै मात्रामा परिवर्तनका केही सङ्केत गरेको छ । सिके राउतको जनमत पार्टी होस्, नागरिक उन्मुक्ति पार्टी होस्, रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी होस् वा एक समय विलीन हुन लागेको राष्ट्रिय प्रजातन्त्र पार्टी नै किन नहोस्–यिनीहरूले सशक्त राजनीतिक दलहरूसँग भाग खोसेका छन् । समानुपातिकमा ठूला दलहरू ठूला बने तापनि साना पार्टीहरूले आफ्नो लोकप्रियताले जित्नुभन्दा, ठूला दलहरूप्रति जनताको नकारात्मक मतको फाइदा उठाएका हुन् । त्यसैले पनि नेपालमा कुनै राजनीतिक दलले हुरीबतासजस्तै अग्रता लिन्छ र त्यसैगरी बिलाउँछ पनि । पहिलो संविधानसभा निर्वाचनका बेला जन्मेका मधेसवादी पार्टीहरू आज १२ वर्षपछि कहाँ छन्, खोजखबर गर्दा स्पष्ट हुन्छ । पुरानालाई उखेल्न नसक्नु र नयाँलाई पलाउन नदिनुको पछाडिको गर्भमा देशको राजनीति रुमलिइरहेको छ । लोकतन्त्रमा साना पार्टीहरूले ठूलाहरूको भाग खोस्नु शुभ सङ्केत होइन, यसले राजनीतिक अस्थिरता जन्माउँछ । निर्वाचनमा गठबन्धनलाई प्रश्रय दिन्छ । गठबन्धनले देश हित गर्न सक्दैन, जनहित त परको कुरा हो !**

# कता बढ्दै छ नवयुवा समाजको कदम ?


स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**युवाहरूलाई साँच्चिकै तालीमप्रति आकर्षित गर्नु, पढाइमा उत्साह जगाउने कार्यक्रमहरू ल्याउनु, प्रयोगात्मक कक्षालाई सम्बन्धित निकायले वास्तवमैं प्रयोगात्मक बनाउनु र जसरी पनि उत्तीर्ण हुने प्रवृत्तिमा सुधार गर्नु अहिलेको आवश्यकता भएको छ ।**

आजको नवयुवा समाजको अर्थ नवयुवा वर्ग हो । नवयुवा भन्नाले अझै कुनै रोजगारमूलक काममा अभ्यस्त भइनसकेका नवयुवक समाज हो अझ । विद्यालयमा पढ्दै गरेका तर उमेरले आलोकाँचो वर्गको कुरा गर्न खोजिएको हो। यस्ता खाले नवयुवकहरूको व्यवहारले तिनको पाइलो कथा बढ्दै छ भन्ने देखाउँछ ।

एक शिक्षकको दृष्टिकोण यस्तो छ। विद्यालय तथा क्याम्पसमा नियमित पढ्न आउँछन्। पढ्न आउँछन् तर के पढ्छन् भन्ने थाहा छैन। सम्भव हुँदासम्म कक्षाको समयमा पूरा समय कक्षामा बस्दैनन् । शिक्षक पसेको एक छिनपछि 'मे आई कम इन सर' भन्दै कक्षाकोठामा प्रवेश गर्छन् । कुराकानी गर्दै बेन्चमा बस्छन् । पढाइ के भइरहेको छ भन्ने थाहा छैन । अलिकति हा हा र हि हि गर्छन्। शिक्षकले किन हाँसेको भनी सोध्दा– 'म कहाँ हाँसेको छु' भन्छन् र शिक्षकको आँखा छली फेरि हाँस्छन् । कहिल्यै कुनै गृहकार्य गर्दैनन्। अलिकति आँखा छल्न पायो भने मोबाइल चलाउन थालिहाल्छन् । शिक्षकको नजरमा यस्ता नवयुवाहरू भाडामा पढ्न आएजस्तो वा ज्यालामा पढ्न आइदिए जस्तो व्यवहार गर्छन् । जसले भाडा वा ज्याला दिएका छन्, नपढे उनलाई घाटा हुने हो। नवयुवालाई त केही मतलब नै छैन ।

अभिभावकको दृष्टिकोण यस्तो छ। सानो छँदा कस्तो अनुशासित थियो । भनेको मान्थ्यो। जे काम पनि राम्रोसित गर्ने गर्दथ्यो। मिहिनेती थियो तर अहिले त सबै हराएको छ। कुनै काम अऱ्हायो कि झर्कन्छ । दिनभर कहाँ कहाँ जान्छ थाहा हुँदैन। खाना खाने बेलामा आउँछ। आमालाई कराउँछ। कति न ठूलो काम गरेर आएको जस्तो धाक लगाउँछ। र अझ धेरै ठूलो काम गर्न जानुपर्नेछ जस्तो गरी गर्नुसम्म हतार गर्छ। थालमा पस्केको खाना ल्याउनलाई पनि उसको नजरमा अलिकति ढिलो भयो भने खाना खान्नँ भनेर धम्की दिन्छ। घर, खेती वा नाता कुटुम्बकहाँ अलिकति कुनै काम परेको छ भने एकदमै अस्वीकार गर्छ । कुनै काम गरेको देखिंदैन। सधैं हतार हुन्छ। जुन काम अऱ्हायो, त्यही काम आउँदैन भन्छ । दुनियाँ कहाँबाट कहाँ गइसक्यो तर मलाई भने यस्तो सानोतिनो काममा अल्झाएको भनी उल्टै हप्काउन खोज्छ। पूरा बेकामको भइसक्यो ।

एक प्रहरी अधिकृत यसरी चिन्ता व्यक्त गर्छन् । जब म साँझमा गस्तीमा निस्कन्छु, तब विभिन्न गाउँमा डुल्नुपर्ने हुन्छ । कुनै एक गाउँको कुरो होइन करीब सबै गाउँमा लगभग उही उमेरका नवयुवाहरूलाई निकै व्यस्त देख्छु। समूह– समूहमा नवयुवाहरू मोबाइल चलाएर बसेका हुन्छन् । जहाँ मोबाइलमा नेट समात्छ, त्यहाँ पाँच/सातजनादेखि १०/१२ जना नवयुवासम्म बसेका हुन्छन्। मोबाइल चलाइरहेका हुन्छन् । मानौं कुनै ठूलो अनुसन्धान गरिरहेका छन्। राति ९–१० बजेसम्म र गर्मीको दिनमा राति ११/१२ बजेसम्म नवयुवाहरू निकै मिहिनेत गरेका देखिन्छन्। मोबाइलमा के गरिरहेका छन् र त्यसबाट आफूलाई वर्तमान र भविष्यमा के फाइदा वा के हानि हुन्छ भन्ने विषयमा तिनीहरू सचेत छैनन् । कुनै सकारात्मक काम गरिरहेको होला भने ठीकै छ तर विद्यालय र क्याम्पस पढ्ने उमेरका नवयुवाहरू भने साँझमा घरमा पढ्ने बेलामा मोबाइलमा यति धेरै व्यस्त हुन्छन् कि उनलाई कहाँ के भइरहेको छ भन्ने विषयमा त थाहा होला तर आफ्नो भविष्य कता गइरहेको छ भन्ने विषयमा अलिकति पनि थाहा हुँदैन। नवयुवा समाजको मोबाइलमा देखिएको सक्रियताले म अचम्भित भएको छु ।

अहिले करीब हरेक युवाको हातमा एन्ड्रोइड मोबाइल छ। जो साह्रै विपन्न घरपरिवारको नवयुवा हो, उसले यस किसिमको मोबाइल हातमा पार्न सकेको छैन। हातमा मोबाइल नभए पनि उसका साथीहरूको हातमा मोबाइल अवश्य छ। साथीहरूसित मिलेर आफ्नो अकाउन्ट बनाएको छ। साथीहरूको पनि अकाउन्ट छ । त्यो अकाउन्ट भनेको टिकटक अकाउन्ट हो । टिकटकमा पूरा व्यस्त हुन्छ । नवयुवाहरू टिकटकमा नै बढी रमाउने गरेका छन्। टिकटकमा कसले के पोस्ट गरेको छ भन्ने कुरा पूरा थाहा हुन्छ । सम्भव भएसम्म आफूले चिनेजानेका मानिसहरूको सबैको अकाउन्ट खोलेर हेर्छन् । नवयुवाहरूमा आफैंले पनि अनेक किसिमका सामग्री बनाउने रहर हुन्छ। यो निकै सकारात्मक कुरा हो कि युवाहरूमा रहर हुन्छ तर टिकटकमा अनेक सामग्री बनाएर राख्ने रहरले टिकटकमा परिचय त दिएको छ। त्यस परिचयले रोजीरोटी तथा दैनिक जीवन धान्नको लागि केही दिएको छ कि छैन भन्नेतर्फ पूरै लापरवाह देखिएका छन् युवाहरू। त्यसैमा कुनै पहिचान बनाऊँ र त्यस पहिचानलाई आफ्नो रोजीरोटीसित जोडौं भन्ने सोचाइ नवयुवाहरूमा रहेको पाइएको छैन ।

टिकटकमा राम्रो संवाद बोलेको पाइन्छ । साथीहरूको समूहगत निष्कर्ष अनुसार नै सानोतिनो अभिनय गरेर राखेका हुन्छन् । अभिनयमा विविधता हुन्छ । अभिनय कलाका विभिन्न कमीकमजोरी तथा सबल पक्षबारे जानकारी हुन सक्छ। त्यही टिकटकमा आफ्नो रुचि र क्षेत्रका कामहरू पनि गरेर राखिएका हुन्छन् देखाउनका लागि। त्यसबाट सिक्न पनि सकिन्छ। अहिलेको समयमा जहाँबाट जे र जसरी सिकाइ प्राप्त हुन्छ, त्यहाँबाट त्यो त्यसरी नै सिक्नु उपयुक्त हुन्छ । सिकेर त्यसलाई कहाँ उपयोग गर्ने र कसरी उपयोग गर्ने भन्ने विषय युवाहरूसित सम्बन्धित भयो । युवाहरूले जीवनको लागि केही गरेका हुन् कि समय खेर मात्र फालिरहेका छन्। समय खेर फाल्दा अहिलेको समय मात्र बर्बाद भइरहेको छैन, अपितु भविष्यमा केही गर्नुपर्छ भन्ने सोच्ने समय पनि खेर गइरहेको छ । केही सिक्नुपर्ने समय नपाइरहेका युवाहरूले अन्ततः आफूले दुःख पाउने मात्र हुन्छन् । यसैको प्रतिफलस्वरूप अहिले धेरै क्षेत्रमा विज्ञापन हुँदा विज्ञापनमा दरखास्त दिने हजारौंको सङ्ख्यामा भएपनि अन्ततः अन्तिम परिणाम आउँदा परीक्षार्थीहरू उत्तीर्ण हुन नसकेर सिट खाली हुन्छ ।

एकातिर बेरोजगारी विकराल छ भने रोजगारको लागि चाहना पनि धेरैमा छ । सानोतिनो पोस्टमा पनि सयौंजना मानिस रोजगारका लागि सोर्स लगाउन थाल्छन्। कुनै पालिकाले वडा कार्यालयको लागि एउटा पियनकै लागि आवश्यकता भनेर सूचना निकालोस्। स्नातक उत्तीर्ण युवाहरूले पनि निवेदन दर्ता गराउन लाममा लाग्छन्। यदि पियन पदको लागि पनि लिखित परीक्षा लिने सूचनामा उल्लेख हुन्छ भने लिखित परीक्षादेखि सबै डराउन थाल्छन् । अनि विभिन्न ठूला व्यक्तिको पहुँचमा पुग्न शुरू हुन्छ। कुन पार्टीको मानिसको भनाइ नोकरी दिने मानिसले सुन्छन्, त्यस पार्टीका मानिस, तिनका नजीकका आफन्त, बाहिरका कोही ठूला मानिस आदिकहाँ पुगेर सहयोग गरिदिनको लागि आग्रह गर्न थाल्छन्। अझ यदि फलानोबाटै नोकरी हुने कतैबाट सुन्छन् भने उनीकहाँ दिनहुँ धाउने मात्र नभई के कति लिएर गरिदिने हो भन्ने कुरो पनि गर्न पछाडि पर्दैनन्। स्नातक तह उत्तीर्ण गरेका युवकले नोकरी पाइन्छ भने करारको पियन पदका लागि हजारौं रुपियाँ दिन तयार हुन्छन्। अनि सामान्य लेखपढ भएकाहरूदेखि लिएर अलिक माथिसम्म पढेकाले पनि आफूलाई त्यसको योग्य देख्न थाल्छन्। हरेक क्षेत्रमा यही देखिएको छ । नोकरीका लागि लालायित युवा समुदायमा अन्य सीप सिक्ने तथा आफ्नो पढाइमा ध्यान दिएर आफूमा प्रतिस्पर्धी क्षमता बढाउने तत्परता देखिएको छैन । युवामा सिर्जनात्मक कामतिर रुचि रहेको पाइएको छैन । आफूलाई चिन्नै अहिलेका नवयुवाले चाहेका छैनन् । नवयुवाले आफूलाई चिन्न नचाहनु तथा मोबाइलमा रमाएर आफूलाई बर्बाद पार्दै गरेको पनि नबुझ्नु नवयुवाको नराम्रो नियति भएको छ।

आफूलाई नचिनेका र आफूलाई अरूमा आरोपित गरी हेर्ने प्रवृत्ति बढेको वर्तमान नवयुवाहरूमा कर्मप्रति मोहभन्दा मनोरञ्जनप्रति आसक्ति बढेको छ । एकातिर देशमा आवश्यक योग्य जनशक्तिको अभाव देखिएको छ भने अर्कोतिर विदेशमा कामको खोजीमा जाने युवाहरूको लर्को देखिएको छ। यसबीचमा सन्तुलन मिलाउनु वर्तमानको आवश्यकता रहेको छ । युवाहरूलाई साँच्चिकै तालीमप्रति आकर्षित गर्नु, पढाइमा उत्साह जगाउने कार्यक्रमहरू ल्याउनु, प्रयोगात्मक कक्षालाई सम्बन्धित निकायले वास्तवमैं प्रयोगात्मक बनाउनु र जसरी पनि उत्तीर्ण हुने प्रवृत्तिमा सुधार गर्नु अहिलेको आवश्यकता भएको छ ।

# झन्डै सात लाखले चालक अनुमतिपत्र पाउन बाँकी

–सञ्चिता घिमिरे

काठमाडौं, ६ पुस/रासस

सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिएका झन्डै सात लाख सेवाग्राहीले अनुमतिपत्र पाएका छैनन् । काठमाडौं उपत्यकाका कार्यालयबाट आवेदन दिएका सेवाग्राहीले झन्डै १० महीनादेखि चालक अनुमतिपत्र पाउन सकेका छैनन् ।

अनुमतिपत्रको माग र आपूर्तिबीचमा धेरै अन्तर भएकाले यस्तो अवस्था आएको यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताए । अहिले विभागसँग भएको 'मास प्रिन्टर'को छपाइ गर्ने क्षमता दैनिक साढे चार हजार छ भने माग सात हजार हाराहारीमा रहेको छ । उनले भने, "एउटा मात्रै प्रिन्टरले माग धान्न नसकेका कारण यो समस्या आइरहेको छ ।" गत वर्ष पनि कार्ड अभावका कारण अनुमतिपत्र छाप्न नसकिएकाले विभागले अहिले कार्ड बाँकी रहँदैमा नयाँ खरीदका लागि प्रक्रिया अघि बढाएको उनले बताए ।

उनका अनुसार कार्ड खरीदका लागि सूचना निकालिएको र सरकारी खरीद प्रक्रिया अनुसार चार/पाँच महीना प्रक्रियामा लाग्न सक्छ । उनले भने, "अहिले हामीसँग भएको कार्ड प्रयोग भइसक्दासम्म नयाँ कार्ड आउनेछ ।"

कार्यालयको चाप अनुसार देशभरका यातायात व्यवस्था कार्यालयका अनुमतिपत्र छाप्न बाँकी सङ्ख्या फरक–फरक रहेको छ। काठमाडौं उपत्यकाका यातायात व्यवस्था कार्यालयमा सेवाग्राहीको चाप बढी भएकाले धेरै छापिन बाँकी छ ।

काठमाडौं उपत्यका कार्यालयका अनुमतिपत्र मार्चसम्मको छापिएर पठाइएको छ भने थोरै सङ्ख्यामा हुने कार्यालयको गत महीनासम्मको पनि छापेर पठाइसकिएको उनले बताए। उनले चालू आर्थिक वर्षमा नयाँ छपाइ उपकरण गर्न लागिएको समेत जानकारी दिए ।

अहिले विभागसँग तीन वर्ष पहिले खरीद भएको एउटा मात्रै 'मास प्रिन्टर' रहेको छ। एउटा उपकरणले दैनिक १६ घण्टा छापिरहेको उनले बताए । उनले भने, "त्यही एउटा उपकरणबाट पनि सक्दो बढी काम लिइएको छ।" तत्काल आवश्यक पर्ने सेवाग्राहीलाई तुरुन्त चालक अनुमतिपत्र दिइने व्यवस्था गरिएको विभागले जनाएको छ । विदेश जाने नागरिकले आवेदन भरेर तीन दिनमा अनुमतिपत्र पाउने प्रवक्ता पनेरुले बताए। त्यसका लागि सेवाग्राहीले पासपोर्ट, भिसा र टिकट राखेर निवेदन दिने व्यवस्था गरिएको छ ।

उपत्यकाका चार कार्यालयपछि सेवाग्राहीको चाप पोखरा, बुटवल र नेपालगंजका यातायात कार्यालयमा रहेको छ । उनले भने, "यीबाहेकका अरू कार्यालयमा छापिनुपर्ने अनुमतिपत्र अति न्यून मात्रै रहेको छ।" अनुमतिपत्रसम्बन्धी सबै अधिकार प्रदेश सरकारले गर्ने व्यवस्था भएपनि प्रदेश सरकारहरूले नसक्दासम्म सङ्घीय सरकारले छापिरहेको प्रवक्ता पनेरुले बताए ।

प्रदेशहरूले आफैं छाप्नुपर्ने भएपनि अहिलेसम्म कुनैले पनि शुरू गरेका छैनन्। प्रदेश स्रोतसाधन सम्पन्न नहुँदा मात्रै विभागले गरेको र पछि प्रदेश आफैंले गर्नुपर्ने उनको भनाइ छ। उनले भने, "कार्यक्षेत्र प्रदेशको हो, अहिले विभागले सहजीकरण मात्र गरेको हो ।" नेपालमा विसं २०७२ पुसमा 'स्मार्ट' चालक अनुमतिपत्र एकान्तकुनास्थित कार्यालयबाट शुरू भएको थियो ।

एशियाली विकास बैंकको सूचना र सञ्चार प्रविधि (आइसिटी) परियोजन अन्तर्गत भएको सम्झौताका आधारमा चार छपाइ उपकरण (प्रिन्टर) र तीन लाख ५० हजार कार्ड खरीद गरिएको थियो । त्यसपछिका वर्षमा उपत्यकामा रहेका अन्य यातायात कार्यालयमा पनि उक्त प्रणाली विस्तार गरिएको थियो ।

आव २०७३/७४ मा ठेक्कामार्फत नै सात लाख ५० हजार कार्ड र चार थान छपाइ उपकरण खरीद गरिएको थियो। तर उक्त उपकरणले प्रतिघण्टा ६० थान कार्ड मात्र छाप्ने क्षमताका कारण विभागले विसं २०७६ मा धेरै सङ्ख्यामा एकैपटक कार्ड छाप्न सक्ने उपकरण खरीद गरेको थियो। विभागमा हाल सञ्चालनमा रहेको उपकरणको छपाइ क्षमता प्रतिघण्टा ४५० रहेको प्रवक्ता पनेरुले जानकारी दिए ।

देशभरका सबै कार्यालयमा 'स्मार्ट' कार्ड लागू भएपछि छाप्न झन्डै आठ लाख कार्ड २०७६ चैतदेखि सरकारले बन्दाबन्दीमा छपाइ सकिएको थियो ।

अनुमतिपत्र छाप्न समय लाग्ने मात्रै होइन लामो समय कुरेर पाएका कार्डको छपाइ गुणस्तरीय नभएको सेवाग्राही बताउँछन् । केही वर्षयता यातायात कार्यालयमा सेवाग्राहीको भीड हुने गरेको छ । सेवाग्राहीको भीड व्यवस्थापनका लागि कार्यालयले टोकन प्रणाली लागू गरेको भएपनि भीडभाड कम नभएको देख्न सकिन्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# सङ्घीयता कार्यान्वयन र सामाजिक रूपान्तरणमा मधेस प्रदेश उदाहरणीय –मुख्यमन्त्री गट्टी

जनकपुरधाम, ६ पुस/रासस

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गट्टीले सङ्घीयता कार्यान्वयन र सामाजिक रूपान्तरणका सवालमा आफ्नो नेतृत्वको सरकारले उदाहरणीय काम गरेको बताएका छन् ।

मुख्यमन्त्री निवास जनकपुरधाममा आज आयोजित पत्रकार सम्मेलनमा उनले संविधान निर्माणपछिको पहिलो सरकारका रूपमा काम शुरू गर्दा संस्थागत, संरचनागत र कानूनी जटिलता भएपनि अरू प्रदेशको तुलनामा उल्लेखनीय काम गरेको दाबी गरे । सङ्घीयता कार्यान्वयनका लागि नेपालको संविधानको अनुसूची–६ ले दिएका अधिकार कार्यान्वयन गर्न आफ् नेतृत्वको सरकारले हरसम्भव प्रयास गरेको भन्दै मुख्यमन्त्री गट्टीले अब बन्ने नयाँ सरकारले यसलाई थप कार्यान्वयन गर्दै लैजाने विश्वास व्यक्त गरे ।

“प्रदेशका अधिकार कार्यान्वयनका लागि मुख्यमन्त्रीका रूपमा मैले र मेरो नेतृत्वको सरकारले अधिकतम भूमिका खेलेको छ,” उनले भने, “बाँकी कामहरू नयाँ सरकारले पूरा गर्नेमा म आशावादी छु ।”

प्रदेशको अधिकार कार्यान्वयनका लागि सर्वोच्च अदालतको संवैधानिक इजलासमा रिट हाल्नुपरेको स्मरण गर्दै मुख्यमन्त्री गट्टीले पाँच वर्षमा ५५ वटा ऐन निर्माण गरेर कानूनीरूपमा प्रदेशलाई बलियो बनाउने प्रयास गरेको बताए ।

त्यसैगरी, उनले सामाजिक रूपान्तरण र यहाँका विविध जातजाति तथा महिलाको पहिचान स्थापित गराउन प्रदेश सरकारले कुनै कसर बाँकी नराखेको समेत बताए । “छोरी बीमा कार्यक्रम, ५० प्रतिशत महिला र जनसङ्ख्याका आधारमा आरक्षण दिने गरी प्रदेश निजामती सेवा ऐनलगायत कानून निर्माणको काम भएको छ,” मुख्यमन्त्री गट्टीले भने, “यसबाट सङ्घीय सरकार र अरू प्रदेशले पनि सिक्नुपर्छ । अब बन्ने प्रदेश सरकारले पनि बनेका ऐन नियम कार्यान्वयन तथा थप सुधारमा ध्यान दिनुपर्छ ।”

उनले पाँच वर्षको अवधिमा मधेस कृषि विश्वविद्यालय, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान र मधेस विश्वविद्यालयजस्ता महत्त्वपूर्ण संस्था बनाउन सफल भएको पनि बताए । प्रतिपक्षी दलबाट प्रदेश सरकारलाई राम्रो सहयोग प्राप्त भएको उल्लेख गर्दै मुख्यमन्त्री गट्टीले पाँच वर्षको अवधिमा सातवटा मुख्यसचिव फेरिंदा र पर्याप्त कर्मचारी नहुँदा काम गर्न कठिनाइ भएको गुनासो गरे ।

उनले आफ्नो पहलमा मधेसी शहीद प्रतिष्ठान बनाउन सफल भएपनि प्रतिबद्धता गरे अनुसार भरणपोषणमा सहजताका लागि शहीद परिवारका एक/एकजनालाई रोजगार दिने निर्णय पूर्णरूपमा कार्यान्वयन गर्न नसकेकामा दुःख मनाउ गरे । ३ फागुन २०७४ सालमा प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले शहीद परिवारका एकजनालाई रोजगार दिने निर्णय गरेकामा २९ पुस २०७५ सालमा तलबभत्तालगायत अन्य सुविधा पाउने गरी कार्यालय सहयोगी पदमा कामकाज गर्न नियुक्तिपत्रसमेत दिएको थियो । तर त्यो पूर्णरूपमा कार्यान्वयन हुन सकेन ।

# नेपाली काङ्ग्रेसका पूर्व जिल्ला सचिव राजदेव साहको मृत्यु



प्रस, गरुडा, ६ पुस/

नेपाली काङ्ग्रेसका एक प्रतिष्ठित नेता तथा प्रजातान्त्रिक आन्दोलनका योद्धा राजदेव साहको मृत्यु भएको छ । नेपाली काङ्ग्रेस रौतहटको पटक–पटक जिल्ला सभापति रहिसकेका साहको गरुडास्थित निवासमा मृत्यु भएको हो ।

केही वर्षदेखि मधुमेह तथा उच्च रक्तचापका साथै अन्य रोगबाट ग्रसित साह नेपाली काङ्ग्रेसका महासमिति सदस्यसम्म भएका थिए । राजनीतिक लाभको कुनै पदमा नपुगेका साह नेपाली काङ्ग्रेसप्रति निष्ठावान् नेताका रूपमा परिचित थिए ।

नेता साहको निधनप्रति पार्टीका विभिन्न तहका नेताहरूले शोक व्यक्त गरेका छन् । नेपाली काङ्ग्रेसका मधेस प्रदेश सभापति कृष्णप्रसाद यादवले नेता साहको देहावसानले जिल्लामा पार्टीको एक अभिभावक गुमेको अनुभव भएको बताएका छन् । सदैव निष्ठाको राजनीति गर्ने साहको देहावसानबाट पार्टीलाई अपूरणीय क्षति भएको सभापति यादवले बताएका छन् ।

नेता साहको अन्त्येष्ठि पारिवारिक संस्कार अनुरूप वागमती नदीमा गरिएको छ । नेता साहको पार्थिव शरीरमा गढीमाई नगरपालिका–२ का अध्यक्ष दीपेन्द्र श्रेष्ठसहितका नेता तथा कार्यकर्ताहरूले नेपाली काङ्ग्रेसको झन्डा ओढाइ सम्मान गरेका थिए ।

# सर्लाहीमा दुईवटा चिनी उद्योग सञ्चालन

सर्लाही, ६ पुस/रासस

जिल्लामा दुईटा चिनी उद्योग सञ्चालनमा आएका छन् । किसानले बिक्री गरेको उखुको भुक्तानी गर्न नसकेको एउटा उद्योग भने सञ्चालनमा आउन सकेको छैन ।

उद्योग परिसरमा उखु पर्याप्त आएकाले उद्योग सञ्चालन गरिएको इन्दुशङ्कर चिनी उद्योगका उखु प्रबन्धक योगनारायण रजकले बताए । उनका अनुसार किसानको माग अनुसार उखुको मूल्य निर्धारण नभए पनि चिनी उद्योगले तत्कालका लागि गत वर्षकै मूल्य कायम गरी उखु खरीद गर्न थालेको हो ।

हरिवनमा रहेको इन्दुशङ्कर र बगदहमा रहेको महालक्ष्मी सुगर मिल सञ्चालनमा आएका भएपनि अन्नपूर्ण सुगर मिलले किसानको पुरानो उखुको भुक्तानी नगरेकाले सञ्चालनमा आउन नसकेको हो ।

जिल्लाका दुईवटा चिनीमिलले पुस १ गतेबाट उखु खरीद शुरू गरी क्रसिङको तयारी गरेका थिए ।

सरकारले उखुको मूल्य निर्धारण नगर्दा गत वर्षकै मूल्यमा भुक्तानी दिइने र मूल्य निर्धारण भएपछि बाँकी रकम भुक्तानी दिने सहमति चिनी उद्योगहरूले गरेका छन् ।

उखु किसानले उखुको मूल्य प्रतिक्विन्टल कम्तीमा रु ७०५ कायम गर्नुपर्ने माग गरेका उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताए । उनका अनुसार उखु किसानले चिनी उद्योगमा उखु पुर्‍याएपछि भुक्तानी पाउने झन्झटिलो प्रक्रिया र उखुको एकैपटकमा भुक्तानी नपाउँदा किसान मारमा परेका छन् । तर खेतमा उखु सुक्न दिनुभन्दा उधारो भएपनि बेच्नुपर्ने किसानलाई बाध्यता छ ।

जिल्लामा करीब ३० हजार बिघा क्षेत्रफलमा उखुखेती हुने गरेकामा यस वर्ष आधाभन्दा पनि कम जमीनमा किसानले उखुखेती गरेको उखु उत्पादक किसानका अगुवा राजकुमार मैनालीले बताए । उनका अनुसार जिल्लामा यस वर्ष करीब १४ हजार बिघा क्षेत्रफलमा उखुखेती भएको छ ।

इन्दुशङ्कर चिनी उद्योगले यस वर्ष करीब ४० लाख क्विन्टल उखु क्रसिङ गर्ने र यस वर्षका लागि उखुको मूल्य उद्योगले रु ५२० र सरकारले रु ७० किसानलाई भुक्तानी दिने उद्योगका प्रशासन शाखा प्रमुख ठाकुर नेपालले बताए ।

उखु उत्पादक किसानले सधैं घाटा खाएर उखु बेच्नुपरेका कारण उखुको मूल्य बढाउन आफूहरूले माग राखेको उखु उत्पादक किसान महासङ्घका अध्यक्ष मैनालीले बताए ।

# छापामारीमा भारतीय चामल बरामद



भारतीय ब्रान्डका चामल नियन्त्रणमा लिंदै सशस्त्र प्रहरी । तस्वीरः प्रतीक

प्रस, भिस्वा, ६ मङ्सिर/

छिपहरमाई गाउँपालिका–५ भिस्वामा बुधवार भन्सार, सशस्त्र र जनपद प्रहरीको संयुक्त छापामारी भएको छ । सूचनाको आधारमा वडा नं ५ भिस्वा बजारमा रहेको बिसमिल्लाह मियाँ तेलीको बन्द गोदाममा छापामारी गरी ३११ बोरा भन्सार छलीका भारतीय चामल बरामद गरिएको छ ।

भन्सार अधिकृत खगेन्द्र साह, सशस्त्र प्रहरी निरीक्षक सुनीलकुमार दास, भिस्वा प्रहरी चौकीका वरिष्ठ प्रहरी नायब निरीक्षक सन्तोष केसीसहित इलाका प्रहरी कार्यालय, पोखरियाको टोलीले तेलीको गोदामको ताल्चा तोडेर भारतीय चामल बरामद गरेको हो ।

बरामद चामल वीरगंज भन्सार कार्यालय लगिएको छ । गोदामबाट चामल लगिए पनि गोदाम मालिक भने सम्पर्कमा आएका छैनन् ।

# निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न

प्रस, पोखरिया, ६ पुस/

पर्साको पोखरिया नगरपालिका–१ मा रहेको नेपाल राष्ट्रिय शशिधर कृष्ण तिवारी आधारभूत विद्यालय, वनकटवामा बुधवार दुई दिने आँखा, कान, नाकसम्बन्धी परीक्षण शिविर सम्पन्न भएको छ । शिविरमा तीन देखि १४ वर्षसम्मका एक हजार ६४ जना बालबालिकाको चेकजाँच गरिएको डा प्रशान्त पौडेलले बताए ।

पोखरिया नगरपालिकाको आयोजना तथा विपी नेत्र प्रतिष्ठान अस्पताल, काठमाडौंको सहकार्यमा स्वास्थ्य शिविर सम्पन्न भएको हो । शिविरमा वडाध्यक्ष प्रमोद गिरी, नेपाल रेडक्रस सोसाइटी, पोखरियाका सभापति भगवानप्रसाद कुर्मी, शिक्षा शाखा प्रमुख विजय झालगायतको सहभागिता थियो ।

# शोभराजलाई कैदमुक्त गरी १५ दिनभित्र आफ्नै देश पठाउन आदेश

काठमाडौं, ६ पुस/रासस

सर्वोच्च अदालतले बिकिनी किलर चार्ल्स शोभराज (गुरुमुख)लाई कैदमुक्त गरी १५ दिनभित्र आफ्नै देश पठाउन आदेश दिएको छ ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले आज निजलाई आजै कैदमुक्त गरी १५ दिनभित्र आफ्नो देश फर्काउन आदेश दिएको हो । “अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए निजलाई आजै कैदबाट छाडिदिन तथा यो आदेश भएको १५ दिनभित्र देश फर्काउन आवश्यक व्यवस्थासमेत गर्न यो आदेश जारी गरिएको छ,” सर्वोच्चको आदेशमा भनिएको छ, “सम्बन्धित जिल्ला अदालतमार्फत कारागार कार्यालय जगन्नाथ देवल काठमाडौंमा छिटो साधनद्वारा आदेशको जानकारी पठाइदिनु ।”

शोभराजको तर्फबाट अदालतमा दायर भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा अदालतले निरन्तर कैदमा राख्नु कैदीबन्दीको मानव अधिकार मापदण्ड, संविधान तथा कानूनप्रदत्त अधिकार अनुकूल नदेखिएको व्याख्या गरेको छ ।

आदेशमा शोभराजको उमेर ७५ वर्ष भइसकेको तथा मुटुसम्बन्धी रोगबाट पीडित भई उपचारको अवस्थामा रहेको तथा तोकिएको कैदमध्ये ७५ प्रतिशत (१९ वर्ष) कैद सजाय भोगिसकेको देखिएको उल्लेख छ ।

फ्रान्सेली नागरिक शोभराजलाई सन् २००३ मा कर्तव्य ज्यानको मुद्दामा पक्राउ गरी जिल्ला अदालत भक्तपुरले सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो ।

# किसानहरूलाई विषादी वितरण

प्रस, पर्सागढी, ६ पुस/

कृषि ज्ञान केन्द्र, पर्साको आयोजनामा सुनाखरी कृषि सहकारी संस्थाले किसानहरूलाई विषादी वितरण गरेको छ ।

संस्थाकी अध्यक्ष सरस्वती भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख मुनीलाल प्रसाद, बाली विकास अधिकृत सुरेशप्रसाद चौरसिया, प्रचारप्रसार अधिकृत कुशेश्वप्रसाद यादवलगायतको सहभागितामा किसानहरूलाई विषादी वितरण गरिएको थियो । कार्यक्रमको सहजीकरण संस्थाका सचिव दीपेश नेपालले गरेका थिए ।

# नेपालमा नै मुटुको कृत्रिम भल्व राख्न थालेपछि विदेश जाने घटे


काठमाडौं, ६ पुस/रासस

नेपालमा नै मानिसको मुटुमा कृत्रिम भल्व राख्न थालेपछि विदेश उपचार गराउन जाने घटेका छन् । शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रले ‘ट्रान्सक्याथर इरोटिक भल्ब इम्प्लामेन्टेशन (टाभी)’ विधिबाट मुटुमा कृत्रिम भल्व राख्ने गरेको छ । यसअघि उक्त कृत्रिम भल्व राख्न भारतलगायत बिरामी विदेश जाने गर्दथे । उपचार पनि सस्तो र सजिलो भएकाले बिरामीले कृत्रिम भल्व नेपालमा नै राख्ने गरेका छन् ।

हृदय केन्द्रका कार्यकारी निर्देशक डा चन्द्रमणि अधिकारीले अहिलेसम्म छजना बिरामीको मुटुको कृत्रिम भल्व राखिएको जानकारी दिए । एक कृत्रिम भल्व ह्याम्स अस्पतालले पनि राखेको छ । उनले एक बिरामीको सफलतापूर्वक कृत्रिम भल्व राखेपछि आत्मविश्वासले अन्य बिरामीको पनि राख्न थालेको बताए । नेपालमा पहिलोपटक केन्द्रले नै गत वर्ष फागुनमा मानिसको मुटुको कृत्रिम भल्व राखेको हो ।

नेपालमा रु २५ देखि ३८ लाखसम्म र भारतमा रु ६० देखि ८० लाखसम्म खर्च हुने गरेको छ । उनका अनुसार एक हप्ताभित्र पुनः एक बिरामीको पनि मुटुको कृत्रिम भल्व राख्ने तयारी भइरहेको जानकारी दिए । “नेपालमा नै मुटुको भल्व राखिने भएपछि धेरै बिरामी हाम्रोमा नै आउने गरेका छन्,” उनले भने, “महीनामा एक/दुई जना कृत्रिम भल्व राख्न भारत जाने गर्दथ्ये, तर अहिले हामीले नै नेपालमा शुरू गरेदेखि बिरामी बाहिर गएका छैनन् ।”

उनका अनुसार मुटुको कृत्रिम भल्व राख्न वार्षिक करीब १२ बिरामी भारत जाने गरेका थिए । केन्द्रले नै मुटुको भल्व राख्न थालेपछि भने एक बिरामी मात्र भारत गएको आफूले जानकारी पाएको उनले बताए । मुटुको एओर्टिक भल्व साँघुरो र उमेरका कारणले छाती चिरेर शल्यक्रिया गर्न जोखिम भएपछि उक्त भल्वको स्थानमा नयाँ कृत्रिम भल्व राख्ने गरिन्छ । यस विधि अनुसार तिघ्राको धमनी फिमोरल आर्टरीबाट एक विशेष किसिमले निर्मित तार अर्थात क्याथेटरद्वारा मानव निर्मित भल्व मुटुभित्र छिराएर एओर्टिक भल्वको स्थानमा



प्रत्यारोपण गरिन्छ ।

प्रत्यारोपण भएको भल्वले तुरुन्तै काम शुरू गर्ने हुँदा बिरामीलाई चाँडै नै आराम महसूस हुने गर्दछ । मुटुको एओर्टिक भल्व साँघुरो भएपछि मानिसमा छाती दुख्ने, बेहोश हुने र रिङ्गटा लाग्ने गर्दछ । उनका अनुसार उक्त एओर्टिक भल्वको वयस्क मानिसमा शल्यक्रियाद्वारा उपचार गर्न सकिन्छ भने वृद्धावस्थामा शल्यक्रिया गर्न असहज हुने हुँदा भल्व नै प्रत्यारोपण गर्नुपर्ने हुन्छ । मुटुबाट निस्कने मुख्य धमनीमा रहेको एओर्टिक भल्व साँघुरिने रोगलाई ‘एओर्टिक स्टेनोसिस’ भनिन्छ ।

यस रोगको प्रचलित उपचार भनेको शल्यक्रियामार्फत छाती तथा मुटु चिरेर भल्व प्रत्यारोपण गरिने विधि हो । वृद्धवृद्धामा यस रोगका शल्यक्रिया गरेर उपचार गर्दा जोखिम हुने भएकाले ‘टाभी’ विधिबाट मात्र सम्भव हुने उनले बताए ।

केन्द्रले कृत्रिम मुटुको भल्व भारत, नेदरल्यान्डलगायत मुलुकबाट ल्याउने गरेको छ । बिरामीको मुटुमा २३ एमएम, २६ एमएम, २९ एमएम र ३१ एमएमका कृत्रिम भल्व राख्ने गरिन्छ ।



वीरगंज–३१ बेल्वामा सञ्चालित एक क्रसर उद्योग । पछिल्लो समय धानबाली लगाउने खेतमा पनि क्रसर उद्योग जग्गा भाडामा लिएर चलाउन थालिएको छ । त्यस कारण धानबाली लगाउने खेतको क्षेत्रफल घट्दै गएको र सो क्षेत्रमा यात्रुले धूवाँ, धूलो जस्ता समस्या खेप्नुपरेको देखिन्छ । साथै कतिपय क्रसर उद्योग गैरकानूनीरूपमा सञ्चालन भएको ग्रामीण भेगका जनताको गुनासो छ । तस्वीरः राधेश्याम पटेल

# ‘व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन मुसहर बस्तीमा’

जलेश्वर, ६ पुस/रासस

पुसको कठ्याङ्ग्रिदो जाडो। मनै कमाउने चीसो सिरेटोले कक्रिएको, शरीरलाई चारैतिर परालको कुन्यू, परालबाटै बनेको गुन्द्री र जुटको बोरामा पराल नै कुचिएर बनाइएको ओढ्ने ओछ्याउनेमा गुट्मुटचाएर रात कटाउनुपर्ने बाध्यता छ उनीहरूको। महोत्तरी जिल्लाको एकडारा गाउँपालिका–३ भटौलिया गाउँका मुसहरहरूको जीवन वर्षौंदेखि यही बाध्यताले थिचिएको छ।

खर र परालले नै छाएको सानो झुपडीमा उमेरले ६० वर्ष नाघिसकेका हुकुमा सदा आफ्ना १३ जना लालाबालासहित चीसो स्याँठसँग जुध्दै आएका छन्। उनको शरीरमा चीसो छल्न सक्ने जति लुगाफाटा छैनन् भने फाटेको पातलो एकसरो कपडाले पनि ढाकेको छैन उनका छोराछोरी र पत्नीको शरीर।

उनको झुपडीमाथि टुटेका झिक्राझिक्री थिए भने वारबेरसमेत केही थिएन। तिनै झिक्रा दाउरा बालेर त्यसकै वरपर रात बिताउनुपर्ने उनको अवस्थाले हुकुमाको आर्थिक अवस्थालाई झल्काउने मात्र नभई भटौलिया गाउँमा बसोबास गर्ने अन्य मुसहर समुदायको गरीबीलाई देखाउँछ।

यस बस्तीमा कोही नयाँ व्यक्ति पुग्यो भने बालबालिकाहरू केही बाँड्ने मान्छे आयो भन्दै दगुर्दै झुम्मिन आइपुग्छन् भने उनीहरूका बुबाआमा पनि केही पाइने आसमा तत्काल आइपुग्दै भन्छन्, “हजुर जे लाइलछी से ओकरेसबके ददिऔ” (हजुर जे ल्याउनुभएछ त्यो उनीहरूलाई नै दिदिनुहोस्)।

स्थानीय सीतादेवी सदा आफ्ना पाँच छोराछोरीसहित परालको ठुट्टो (लार)ले चारैतिरबाट घेरिएको र माथि च्यातिएको प्लास्टिकबाट ठाउँठाउँमा घरभरि उज्यालो आउँदै गरेको सानो झुप्रोमा चीसोसँगै लड्दै समय बिताउँदै आएका छन्। उनले घरभरि न्यानो पार्न पराल ओछ्याएकी छन् भने ओढ्नका लागि जुटको ठूला–ठूला बोरामा पराल कोचेर बनाइएको सिरक राखेकी छन्। उनी भन्छिन्, “हाम्रो ओढ्ने, ओछ्याउने सबै परारकै हो।” आँगनमा खेल्दै गरेका उनका कुनै छोराछोरीका जीउमा पूरा कपडा थिएन।

घरभित्रैबाट चीसोले काप्दै सीताले दुःखेसो गर्दै भनिन्, “हजुर हमरा सब लग केऊ नै अबैछै, मैर रहलछी लेकिन केकरो कोनो फिकिर नै है” (हजुर हामीकहाँ कोही आउँदैनन्। मरिरहेछौं तर पनि कसैलाई कुनै मतलब छैन)। विगत चार वर्षदेखि चीसो, वर्षा र घामको सामना गर्दै यसै झुप्रोमा दिन बिताउन बाध्य रहेको उनको भनाइ छ। “ठूलो परिवार भएकाले खानपानकै जोहो गर्न सकिंदैन भने लुगाफाटा र ओढ्ने ओछ्याउने कहाँबाट ल्याउनु” भन्दै उनले थप पीडा पोखिन्।

सोही गाउँमा पाँच वर्षदेखि दमको रोगबाट ग्रस्त बनेकी ६५ वर्षीया



तस्वीर: फाइल/प्रतीक

अनरियादेवी सदा झोत्रो कम्बल ओढेर काप्दै थिइन्। उनले आफूलाई पति र छोराछोरीले समेत राम्ररी हेरचाह नगरेको भन्दै सहारा मागेकी थिइन्। उनी भन्दै थिइन्, “हजुर मलाई पनि आफूसँगै लैजानोस्, नत्र यहाँ केही दिनमैं मर्छु। मलाई बिरामीले धेरै च्यापिसकेको भएपनि मेरो उपचार न त पतिले गराउँछन्, न त छोराछोरीले नै मलाई माया गर्छन्।” उनले आफूलाई चीसो बढेसँगै दमको समस्या बढ्न थालेको तर तातो न्यानो र पोषिलो खाना पर जाओस् दुई/तीन दिनसम्म भोकभोकै पनि रहनुपरेको दुःखेसो सुनाइन्।

स्थानीय ४५ वर्षीया कोशिला सदाले पनि दुई सातादेखि राति सुत्न पाएकी छैनन्। उनले भनिन्, “हजुर दिनभरि जसोतसो काटे पनि राति जाडोले सुत्न सकेको छैन। यही आगोकै रात बिताउनुपर्छ।” दुई सातादेखि ह्वात्तै चीसो बढेपछि बालबालिका र आफूसमेतलाई बचाउन रातभरि पातपतिङ्गरको घुर जलाएर सुत्ने गरेको उनी बताउँछिन्। आगो बालेर सुत्दा जल्ने पोल्ने डरले बालबालिकाहरूलाई सुताउँदै आफू जाग्रामै बस्ने गरेको उनको भनाइ छ।

गरीबीको कारण खानपानकै जोरजाम पनि राम्ररी पूरा गर्न नसक्ने उनका पति दिनभरि मजदूरी गरेर कमाएको पैसामध्ये आधाभन्दा बढी मदिरामा उडाइदिने र बाँकी पैसाले उनको परिवार धान्न मुस्किल हुने गरेको छ। हातमुख जोर्न नै धौधौ भएको बेला बालबालिकाहरूका लागि न्यानो लुगाफाटा र पोषिलो खानेकुरा धेरै परको कुरा बनेको छ। यस वर्ष मात्रै नभएर उनीहरूले वर्षौंदेखि जाडोयाममा यसैगरी समय काट्ने गरेको कोशिलाले सुनाइन्। दिनमा घाम लागे खुशी हुने र बेलुका घाम ढल्दै जाँदा दुःखी हुँदै रातभरि घुरमा आगो ताप्दै रात बिताउनुपर्ने उनको बाध्यता छ। उनको घरमा पतिसहित पाँचसाना बालबालिका छन्।

बाक्लो हुस्सु र डम्म परेको कठ्याङ्ग्रिदो जाडोकै बीच बस्तीनजीकै धान खेतमा अर्काको धान बढार्दै गरेकी ७२ वर्षीया भुटीदेवी सदा टाढैबाट कराउँदै आफ्नो पीडा सुनाउन थालिन्। “हजुर, खान पाएकी छैन। घरमा अन्नपात केही छैन, जीउमा लुगा छैन, छानामाथि ओत छैन र यस्तोमा निष्ठुरी जाडोले ज्यानै लिन लागेको छ। केही सहयोग भए बाँच्ने आस पलाउने थियो।”

कहाँ जाउँ, के गरूँ र कसरी बाँचु भन्ने चिन्ताले पिरोलिएकी उनी घरी आगो ताप्दै र घरी धान बढार्दै गरेकी थिइन्। उनको सात बालबालिकासहित ११ जनाको परिवार छ। दैनिकरूपमा मजदूरी गरेपछि मात्रै उनको घरमा चुलो बल्छ। एक दिन पनि मजदूरी नभएमा त्यस दिन भोकभोकै बस्नुपर्छ। जाडोयाममा कहिले काम पाइन्छ भने कहिले कामै पाईंदैन। भुटीले भनिन्, “हजुर कोही दाता छन् भने हामीलाई कम्तीमा एक महीनाका लागि राहत दिलाइदिनुस्। एक महीनामा जाडो हटेर गएपछि पुनः रोजगार गरेर खान्छौं। अहिले ज्यान जोगाउनै धौधौ पऱ्यो।”

उनीसँगै खेतमा एउटा हात नभएका शारीरिकरूपले अशक्त ११ वर्षीय किसन सदाले पनि जीउमा च्यातिएको आधा लुगा मात्रै लगाएका थिए भने कठ्याङ्ग्रिँदै एउटै हातले धेरथोर धान बटुल्दै थिए। उनको पनि उही पीडा थियो, “हजुर राहतमा मेरो पनि नाम लेखिदिनुस्, मैले पनि दुई दिनदेखि केही खान पाएको छैन। मेरो पनि घरमा आमा, तीन दिदीबहिनी र मलगायत पाँचजना छौं। कमाउने कोही नहुँदा एउटै हातले भएपनि भोको पेटमा काम गरिरहेको छु।”

त्यही बस्तीभित्रै सानो खर (पराल)को झुप्रोभित्रै पराल ओछ्याएरै दुई महीने बालकलाई झुत्रो लुगामा बेरेर सुताइएको देखाउँदै सिकिन्दर सदा भन्दै थिए, “आफैं त कसैगरी जाडो सहन सकिरहेको छु। सानो बच्चालाई कसरी जोगाउनु। घरमा चारैतिरबाट हावा पस्छ। जाडोले मुटु नै हल्लाउँछ। बाक्लो ओढ्ने, ओछ्याउने नहुँदा बच्चा जाडोले रुन थाल्छ। कसैगरी कतैबाट राहत दिलाइदिनुस्।”

गरीबीको पीडामा परेका यस्ता थुप्रै उदाहरण यस गाउँमा भेट्न सकिन्छ। बस्तीका झन्डै एक सय परिवार मुसहरको अवस्था त्यस्तै रहेको छ। जुनसुकै घरमा जाँदा पनि सबैको उस्तै पीडा देखिन्छ। अभावै अभावमा जीवन काटिरहेका उनीहरूको अवस्था बढ्दो चीसोसँगै चिन्ताजनक हुँदै गएको छ। चीसो छल्न समयमैं उनीहरूलाई न्यानो लुगाफाटा र पोषिलो खानेकुरासहितको राहतको व्यवस्था गरिएन भने बस्तीमा मानवीय क्षति हुन सक्ने स्थानीय जोगिया सदाले बताइन्।

सधैं गाँस, बास र कपासको अभाव रहेको सम्पूर्ण बस्तीभरि नै जाडोको कहर रहेको तथा उनीहरूको ज्यान कुनै पनि बेला जान सक्ने अवस्था रहे पनि उनीहरूलाई केही राहत दिन सक्ने अवस्था नभएको वडाध्यक्ष रामविलास राय बताउँछन्। उनले आफू चाहेर पनि मुसहरहरूका लागि तत्कालै केही गर्न नसक्ने तर यस विषयमा गाउँपालिका अध्यक्ष दीपनारायण मण्डलसँग सहयोगका लागि आग्रह गर्नेछु भने। जिल्लाको निर्वाचन क्षेत्र नं ३ मा पर्ने यस क्षेत्रबाट सङ्घीय संसद्मा लोकतान्त्रिक समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर निर्वाचित भएका छन् भने प्रदेश नं २ को प्रदेशसभा सदस्यमा लोसपा नेत्री रानीकुमारी तिवारी निर्वाचित भएकी छन्।

जोगियासहित बस्तीका सम्पूर्ण पीडितले स्थानीय मुसहरहरूलाई बढ्दै गरेको चीसोबाट जोगाउन जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा सरकारी र गैरसरकारी प्रत्येक सरोकारवालासमक्ष ध्यानाकर्षणका लागि आफूहरूको दुःख र पीडाको कुरा पुऱ्याइदिन सञ्चारकर्मीसँग आग्रह गरेका छन्। जाडोकै कारण यस गाउँमा बर्सेनि दुई/चारजनाले अकालमैं ज्यान गुमाउनुपरेको छ।

विगतमा आफूहरूलाई झूटो वाचा कसम खाएर विभिन्न प्रलोभनमा पार्दै मत लिने गरेको तर जितेर गइसकेपछि कुनै वास्ता नराख्ने गरेको स्थानीयवासीहरू बताउँछन्। निर्वाचन जितेर गएपछि बस्तीमा कुनै पनि नेताहरू फर्केर आउँदैनन् भने आजसम्म मुसहरहरूलाई लक्षित गरेर कुनै कार्यक्रम सञ्चालन नगरिएको बस्तीका अगुवा रजिन्द्र सदा बताउँछन्। मुलुकमा अनेक राजनीतिक परिवर्तन भए, तर यस गाउँका बासिन्दाले त्यसको अनुभूति गर्न नपाएको गुनासो गरेका छन्। रोग, भोक र कठ्याङ्ग्रिदो चीसोबाट ज्यान गुमाउन लागेका मुसहरहरूको उद्धार र राहतका लागि जननिर्वाचित प्रतिनिधिहरूले ध्यान दिनुपर्ने स्थानीयवासीहरू माग गर्दछन्। देशमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले पनि आफूहरूले पीडामा कुनै ध्यान नदिएको उनीहरूको भनाइ छ।



**संसारकै अग्लो त्रिशूल :** यो त्रिशूल दाङको घोराही उपमहानगरपालिका–५ धारापानी भन्ने ठाउँमा रहेको छ। यहाँ हरेक शिवरात्रि पर्वका दिन ठूलो मेला लाग्ने गर्दछ। यो त्रिशूलको उचाइ ५५.५ फिट र १३,३८० किलो तौल रहेको छ। तस्बिरः पूर्णप्रकाश विश्वकर्मा/रासस

# सभापति देउवा संसदीय दलको नेता निर्वाचित

काठमाडौं, ६ पुस/रासस

प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा पार्टीको संसदीय दलको नेता निर्वाचित भएका छन्। पार्टीको संसदीय दलको नेताका लागि आज भएको मतदानमा उनले पार्टीका महामन्त्री गगनकुमार थापालाई पराजित गरेका हुन्।

मतदानमा कुल मत ८९ खसेको र त्यसमध्ये सभापति देउवाले ६४ तथा महामन्त्री थापाले २५ मत प्राप्त गरेको काङ्ग्रेसको ‘संसदीय दलको नेता तथा कार्यसमिति निर्वाचन समिति’ले जनाएको छ। मतदान आज बिहान भएको थियो।

सभापति देउवाको उम्मेदवारीको प्रस्तावक वरिष्ठ नेता रामचन्द्र पौडेल र समर्थक पार्टी उपसभापति पूर्णबहादुर खड्का थिए भने महामन्त्री थापाको उम्मेदवारीको प्रस्तावक नेता डा शेखर कोइराला तथा समर्थक उपसभापति धनराज गुरुङ, महामन्त्री विश्वप्रकाश शर्मा र केन्द्रीय सदस्य प्रदीप पौडेल थिए।

यस निर्वाचनका मतदाता पार्टीका प्रतिनिधिसभा सदस्य हुन्। गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा काङ्ग्रेसले प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ गरी ८९ सिटमा विजय हासिल गरेको थियो।

## फरक समाचार

# भारी आवाज हुनेलाई किन मन पराइन्छ ?

पहिलो भेटमा कसैको बारेमा धारणा बनाउँदा हामी उसको बोलीलाई निकै ध्यान दिन्छौं। यतिमात्र होइन हामी आफ्नो जीवनमा हरेक पाटोमा यस कुरालाई



निकै महत्त्व दिने गर्छौं। राजनेता, मित्र, जीवनसाथीलाई पनि उसको बोल्ने तरीकाको आधारमा रोज्ने गर्छौं।

यस्तो किनभने हाम्रो आवाजले हाम्रोबारेमा हाम्रो सोचभन्दा बढी जानकारी दिने गर्छ। युनिभर्सिटी अफ मोन्टपेलियरमा भाषा विज्ञानका शोधकर्ता मेलिसा बरकत डिफ्राड्स भन्छिन्, “तपाईं आफ्नो आवाजको माध्यमबाट शब्द बोल्नुहुन्छ र यस माध्यमबाट जानकारी पनि साझा गर्नुहुन्छ तर यसको अलावा यसले न केवल तपाईंको बायोलोजिकल स्टेट्सबारेमा बताउँछ, बरू तपाईंको सामाजिक प्रतिष्ठाबारेमा पनि बताउँछ।”

यसबाट यो पनि थाहा हुन्छ कि तपाईं के गर्नुहुन्छ र आर्थिकरूपमा कहाँ उभिनुभएको छ। यसबाट मानसिक स्वास्थ्यलगायत तपाईंको पूरै स्वास्थ्यको बारेमा पत्ता लाग्छ यानी तपाईंको आवाजको गुणवत्ताले तपाईंबारे यी सबै जानकारी दिन्छ। मानिसको आवाजमा निकै मामुली अन्तर हुन्छ, जुन तपाईं तुरुन्त एक सेकेन्डको १०औं हिस्साभन्दा कम समयमा महसूस गर्न सक्नुहुन्छ र त्यस व्यक्तिको बारेमा धारणा बनाउनुहुन्छ।

तर आवाजको गुणवत्ताको बारेमा त्यो कुन कुरा हो, जसलाई हामी विशेषरूपले हेर्ने गर्छौं ? या उदाहरणको लागि कुनै व्यक्तिको आवाजबाट हामी उसलाई आफ्नो नेता रोज्ने गर्छौं ?

यसबारेमा चुनाव परिणामले इशारा दिन्छ कि गहिरो आवाज भएका अधिकांश उम्मेदवारले चुनाव जित्ने गर्छन्। जसको आवाजमा भारीपन हुन्छ, त्यस्ता व्यक्तिलाई बढी सक्षम, नोकरीको लागि योग्य र भरोसायोग्य मान्ने गरिन्छ।

आवाजले लोकप्रियता बढाउँछः हाम्रो पर्यावरणको कारण पनि हाम्रो आवाज र शब्दमा बदलाव हुन्छ, हामी साधारणतया एकअर्काको मिमिक्री पनि गर्छौं र यस्तो मित्र रोज्छौं, जसको आवाज र शब्द हामीसँगै मिल्दोजुल्दो हुन्छ। युनिभर्सिटी अफ ल्योनकी बायोकौस्टेशन कटारजिना पिसासिंकीको भनाइ छ, कुराकानी गर्ने क्रममा हाम्रोलागि यो सामान्य कुरा हो कि हामी आफ्नो आवाज र शब्दलाई अन्य व्यक्तिसँग कुराकानी अनुसार बदलिन्छौं। यदि कोही बिस्तारै कुरा गरिरहेको छ भने हामी पनि बिस्तारै बोल्छौं। यदि कसैले चर्को आवाजमा कुरा गर्छ भने हामी पनि त्यस्तै गर्छौं। यो हामीभित्र एउटा विशेष हुन्छ, जुन हामीलाई अन्यसँग कुराकानी गर्न मदत गर्छ।

धेरै समयदेखि यही सोचिन्थ्यो कि भारी आवाजले राजनेतालाई लोकप्रिय बनाउँछ, त्यसै प्रकार पुरुष पनि आकर्षक हुन्छन्। मेलिसा बरकत डिफ्राड्स भन्छिन्, पुरुषमा मौजुद टेस्टोस्टेरोन हार्मोनको उसको आवाजको भारीपनसँग सम्बन्ध हुन्छ, यानी यदि कसैको आवाज भारी छ भने ऊभित्र टेस्टोस्टेरोनको स्तर बढी छ। हामीलाई थाहा छ, टेस्टोस्टेरोनबाट पुरुषलाई निकै फाइदा हुन्छ, यहाँसम्म कि उसको प्रजनन क्षमता पनि यसमा सामेल छ। यदि कुनै पुरुषको आवाज भारी छ भने उसले बढी यौन साथी पाउनेछ र उसको बच्चा पनि बढी जन्मिन्छ।

उनले भनिन्, आफ्नो आवाजमा भारीपनको माध्यम यानी शब्द र आवाजको माध्यम एक पुरुष आफ्नो साथीलाई आफ्नो क्षमताको सङ्केत दिन सक्छ। यसको मतलब यो हो कि त्यस व्यक्तिको इम्युन सिस्टम पनि निकै राम्रो छ, ऊ निकै आक्रामक र प्रभावशाली छ र ऊसँग नेतृत्व कौशल पनि छ।

भारी आवाजले महिलालाई आकर्षित गर्छ ? यही कारण हो कि आजभोलि बायोलोजिस्ट भन्छन्, भारी वा गहिरो आवाज महिलालाई आकर्षक लाग्छ। यस परिकल्पनाको आधारमा, के हामी यो सिद्ध गर्न सक्छौं कि त्यो के कुरा हो, जुन महिलाको आवाजलाई आकर्षक बनाउँछ ?

जब दुनियाँभरमा अलग–अलग आवाजको जाँच गरियो, जुन महिलाको आवाजको पिच बढी हुन्छ, उसले चाँडै पार्टनर पाउने गर्छ। यो पनि सत्य हो कि युवतीको आवाजको पिच बढी हुन्छ र यसबाट जाहिर हुन्छ, उसको उमेर र सुन्दरताबारे पत्ता लाग्छ। यस सम्बन्धमा भएको शोध अनुसार महिला डेट्समा आफ्नो आवाजको पिच बढाउने गर्छन् तर पछिल्लो केही वर्षदेखि केही शोधकर्ताहरूको भनाइ छ, यसमा बदलाव आइरहेको छ। यानी महिला कुनै आकर्षक व्यक्तिको अगाडि हलुका आवाज गर्ने गर्छन्।

युनिभर्सिटी अफ ल्योनकी बायोकौस्टेशन कटारजिना पिसासिंकीले एक अध्ययन गरेकी थिइन्, जसमा केही महिलाले एक निश्चित व्यक्तिसँग छ मिनेटसम्म कुरा गर्नुपर्थ्यो र महिलासँग त्यस व्यक्तिलाई मन पराउन वा मन नपराउनको लागि एउटा डिभाइस थियो। यसको अलावा उनको आवाज पनि रकेर्ड गरिंदैथियो।

शोध अनुसार जुन पुरुष उसलाई मन परेको थियो, उसको अगाडि उसले आवाजलाई हलुका गरेकी थिइन् भने जसलाई उसले मन पराएकी थिइनन्, उसको अगाडि आफ्नो आवाजको पिचलाई उच्च गरेकी थिइन्। पुरुषले पनि यस्ता महिलालाई बढी मन पराउँछन्, जसको आवाज कोमल हुन्छ।

यस प्रकार एक अन्य अध्ययनमा फ्रान्सेली पुरुष र महिलाको आवाजको जाँच गरिएको थियो। फ्रान्सेली पुरुषलाई त्यस्ता महिला बढी आकर्षक लाग्छन्, जसको आवाज गहिरो थियो वा कम पिचको थियो।

मेलिसा भन्छिन्, लामो समयसम्म हामी यस भ्रममा छौं र अब हामीमा यसबारेमा सांस्कृतिकरूपमा बदलाव देखिइहेको छ, जुन निकै चाखलाग्दो छ किनभने जुन कुरा हामीले फ्रान्सेली पुरुषमा देख्यौं, त्यो मैले यसभन्दा पहिले अन्य संस्कृतिमा कहिल्यै देखेकी थिइनँ।

– बिबिसी हिन्दीबाट अनुवाद

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनको आर्थिक स्थिरताका लागि नयाँ कार्यक्रम स्वीकृत

कीभ, ६ पुस/सिन्ह्वा

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले युक्रेनको समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्वमा सहयोग पुऱ्याउन नयाँ कार्यक्रम स्वीकृत गरेको छ।


तस्वीर: फाइल

कार्यक्रमले समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्वमा दातृ निकायको वित्तपोषणलाई उत्प्रेरित गर्न नयाँ कार्यक्रम स्वीकृत गरेको युक्रेनको केन्द्रीय बैंकले जनाएको हो।

"बोर्डको संलग्नताको साथ चार महीनाको कार्यक्रम अनुगमनले प्रत्यक्षरूपमा वित्तीय सहायता प्रदान गर्दैन, तर आइएमएफको नयाँ, दीर्घकालीन माथिल्लो-क्रेडिट किस्ता कार्यक्रममा सङ्क्रमणको लागि उपकरणहरू सिर्जना गर्दछ," बैंकले मङ्गलवार जारी विज्ञप्तिमा भनेको छ।

यस कार्यक्रमको उद्देश्य राज्यको बजेट राजस्व परिचालन गर्नु, वित्तीय क्षेत्रलाई सुदृढ पार्नु र राज्यको स्वामित्वमा रहेका उद्यमहरूको लागि व्यवस्थापन पारदर्शिता र प्रभावकारिता सुधार गर्नु हो।

"यस कार्यक्रमको अनुमोदनले हाम्रा साझेदारहरूलाई विश्वास र इष्टतम अवस्थाहरू प्रदान गर्नेछ र भुक्तानी सन्तुलन र राज्य बजेटको उच्च आवश्यकताहरूको बीच पर्याप्त लयबद्ध वित्तीय प्रवाह सुनिश्चित गर्नेछ भन्ने विश्वास युक्रेनले गरेको छ," बैंकका गभर्नर एन्ड्री पिशनीलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ। रासस

## महिलालाई विश्वविद्यालय जान प्रतिबन्ध गरेकोमा दुःख व्यक्त

संयुक्त राष्ट्रसङ्घ, ६ पुस/सिन्ह्वा

तालिबान सरकारले महिला तथा किशोरीहरूलाई विद्यालय, विश्वविद्यालय जान प्रतिबन्ध गरेको घटनाले स्तब्ध भएको संयुक्त राष्ट्रसङ्घका एकजना अधिकारीले बताएका छन्।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय एक उच्च अधिकारीले सो कुरा बताएका हुन्। उनले भनेका छन्– अफगानिस्तानको तालिबान सरकारको यो निर्णयले मलाई दुःख लागेको छ, म स्तब्ध छु। आज सो समाचार देशव्यापी रूपमा प्रचारमा ल्याइएको छ। तालिबानीहरूले अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जानबाट रोकेको घटनाको म विरोध गर्दछु।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि रोजा ओटुन्बोयाले एक विज्ञप्तिमा सो कुरा बताएका हुन्। उनले यस्तो निर्णय अफगानिस्तानका उच्च शिक्षासम्बन्धी मन्त्रीले हालै गरेको भनी गरिएको प्रचारले अफगानिस्तानका सबै महिला बेखुश भएका पनि बताएका छन्।

उनले यस्तो निर्णय अफगानिस्तान देशको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै दुःखद भएको धारणा व्यक्त गरेका छन्।

दुई वर्ष अघि अफगानिस्तानमा तालिबानको शासन शुरू भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ। उनीहरूलाई धेरै सार्वजनिक स्थल र कार्यमा प्रतिबन्ध लगाइएको छ र अहिले पछिल्लो समयमा विश्वविद्यालय पनि जान नपाउनेगरी उनीहरूमाथि प्रतिबन्ध लगाइएको बताइएको छ।

तालिबानीहरूले महिला अधिकार हनन गरिरहेकाले संयुक्त राष्ट्रसङ्घीय सभा तथा बैठकहरूमा यस्ता विषयमा कुरा उठ्ने गरेको पनि उनले बताएका छन्। यस निर्णयबारे संयुक्त राष्ट्रसङ्घले थप स्पष्ट जानकारी खोज्दै आगामी दिनमा यस्ता निर्णय फिर्ता लिन पहल गर्ने पनि उनले बताएका छन्। रासस

## जापानमा जन्मदर घट्ने क्रम जारी

टोकियो, जापान, ६ पुस/सिन्ह्वा

जापानमा नयाँ शिशु जन्मिने दर निरन्तर घट्ने क्रममा रहेको देखिएको छ।

जापानको स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले सन् २०२२ मा जापानमा जन्मिने शिशुको सङ्ख्या आठ लाखभन्दा कम हुने जनाएको छ।

मन्त्रालयको प्रारम्भिक तथ्याङ्क अनुसार जनवरीदेखि अक्टोबरसम्म जापानमा जन्मदर अघिल्लो वर्षको तुलनामा ४.८ प्रतिशतले घटेर छ लाख ६९ हजार ८७१ मा झरेको छ। गत वर्ष आठ लाख ११ हजार ६०४ नवजात शिशुको वार्षिक सङ्ख्या सात लाख ७० हजार पुग्ने अनुमान गरिएको छ।

सन् १८९९ मा जापान सरकारले जन्मको तथ्याङ्क सङ्कलन शुरू गरेयता पहिलोपटक यो सङ्ख्या आठ लाखभन्दा तल झरेको छ।

सरकारले अनुमान गरेभन्दा छिटो जन्मदर घटिरहेको जापानी अधिकारीहरूले जनाएका छन्। जापानको 'नेशनल इन्स्टिच्युट अफ पपुलेशन एन्ड सोसल सेक्युरिटी रिसर्च'ले सन् २०१७ मा सन् २०२२ मा कुल जन्मदर आठ लाख ५० हजार र सन् २०३० मा आठ लाखभन्दा तल झर्ने प्रक्षेपण गरेको थियो। जापानमा बढ्दो उमेरको समाज र घट्दो जन्मदरले पेन्सन र वृद्धवृद्धाका लागि चिकित्सा सेवाजस्ता सरकारी सामाजिक सुरक्षा कार्यक्रमको भविष्यमा खतरा उत्पन्न गरेको प्रतिवेदनमा उल्लेख छ। रासस

## चीनमा स्थानीयस्तरमैं तीन हजार भन्दा बढीमा कोरोना सङ्क्रमण

बेइजिङ, ६ पुस/सिन्ह्वा

चीनमा कोरोना सङ्क्रमित हुनेहरूको सङ्ख्या अहिले पनि प्रतिदिन बढ्दो देखिएको समाचारहरूमा जनाइएको छ। मङ्गलवार मात्र स्थानीयस्तरमैं सङ्क्रमित भएका व्यक्तिको सङ्ख्या ३,०४९ भेटिएको बेइजिङस्थित स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन्।

साथै यहाँ मङ्गलवार मात्र १,९०० जना सङ्क्रमित स्वास्थ्य संस्थाबाट निको भएर घर फर्किएका चिनियाँ राष्ट्रिय स्वास्थ्य आयोगले बुधवार जानकारी दिएको छ। सो आयोगले बुधवार चीनमा कोरोनाबाट कसैको पनि मृत्यु नभएको जनाएको छ। तर स्थानीयस्तरमा सङ्क्रमित हुनेहरू भने घट्न नसकेको बताइएको छ। रासस

## नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना

वीरगंज-पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज-पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रिड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | रोगभय | वृष | व्यापारवृद्धि |
| मिथुन | शत्रुभय | कर्कट | कार्यनाश |
| सिंह | उदरपीडा | कन्या | मित्रमिलन |
| तुला | कान्तिक्षय | वृश्चिक | सुयश |
| धनु | खर्चवृद्धि | मकर | धनलाभ |
| कुम्भ | सफलता | मीन | अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

प्लास्टिकको झोला बहिष्कार गरौं,
कपडाको झोला प्रयोग गरौं।

वीरगंज महानगरपालिका कार्यालय

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## भ्यागुते र चरचरे रोगविरुद्ध खोप

बलिराम शुक्ल, बिरुवागुठी, ६ पुस/

पर्सागढी नगरपालिका अन्तर्गतका कृषकहरूले पालेका गाईभैंसीहरूलाई लाग्ने भ्यागुते र चरचरे रोगविरुद्ध पर्सागढी नगरपालिका कार्यालय, हरपुरले निश्शुल्क खोप लगाउन शुरू गरेको छ।

पर्सागढी नगरपालिका अन्तर्गत रहेको पशुसेवा केन्द्रका पशु प्राविधिकहरूद्वारा रोगविरुद्धको खोप लगाउन शुरू गरिएको हो।


तस्वीर: प्रतीक

पशुसेवा केन्द्र, बडनिहारका प्रमुख इन्द्रकुमार झाले गत वर्ष भ्यागुते र चरचरे रोगका कारण एक दर्जनभन्दा बढी गाईभैंसी मरेका कारण यस वर्ष नगरपालिकाको सहयोगमा नगरभरिका १ देखि ९ वटै वडामा किसानले पालेका गाईभैंसीलाई भ्यागुते र चरचरे रोगविरुद्धको खोप लगाउन शुरू गरिएको बताए। उनले पर्सागढीका वडा नं ६ र ७ मा करीब चार सय गाईभैंसीलाई खोप लगाइएको बताए।

## नगरप्रमुख यादवविरुद्ध अख्तियारमा उजूरी

प्रस, रौतहट, ६ पुस/

माधवनारायण नगरपालिकाका प्रमुख बैजुप्रसाद यादवमाथि एकजना नेताले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडामा उजूरी दिएका छन्।

नगरप्रमुख यादवसहित जिम्मेवार कर्मचारीहरूको संलग्नतामा करोडौं रुपियाँको चलखेल भएको भन्दै नेकपा माओवादी केन्द्रका नगरकमिटी अध्यक्ष देवनारायण भगतले छानबीनको माग गर्दै अख्तियारमा उजूरी दर्ता गराएका हुन्।

नगरप्रमुख यादवले मनपरी बिल पेश गर्ने, हरेक कामकारबाईमा भ्रष्टाचार, अपारदर्शी, मनमौजी किसिमले आर्थिक चलखेल गरेकाले छानबीनको लागि उजूरी दिएको अध्यक्ष भगतले बताए।

नगरपालिकाका आम सचेत नागरिक, सञ्चारकर्मी, प्रशासनिक निकायको संयुक्त पहलमा नगरप्रमुख र कर्मचारीले बिल बजेटको फाइल लुकाएर चोरी भएको बताएको अवस्थामा गत १ गते इलाका प्रहरी कार्यालय, गरुडाबाट खटेर आएको प्रहरी टोलीले नगर कार्यपालिकाको कार्यालयबाट उक्त फाइल बरामद गरेको थियो।

यसअघि लेखाका केही श्रेस्ता र महत्त्वपूर्ण कागजात लुकाएको आरोपमा माधवनारायण नगरपालिकाका केही करार सेवाका कार्यालय सहयोगी इलाका प्रहरी कार्यालय, गरुडाको तारेखमा रहेका छन्।

## हत्या गरेको अभियोगमा दुईजना पक्राउ

प्रस, वीरगंज, ६ पुस/

पर्सा प्रहरीले महिलाको हत्या गरेको अभियोगमा दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मृतक महिलाका पति र देवर हुन्। यो घटना पर्सा वीरगंज महानगरपालिका-२७ जसौलीको हो। प्रहरीले जसौलीका ३४ वर्षीय कुशल दास र निजका सहोदर भाइ २८ वर्षीय भरत दासलाई पक्राउ गरेको छ।

गएराति १२ बजे पनि कुशल दासले पत्नी वर्ष ३० की रिङ्कु कुमारीको परपुरुषसँग अनैतिक सम्बन्ध रहेको आशङ्कामा रिङ्कुको बायाँ हातमा करेन्ट लगाएर मारेको र घटना लुकाउनको लागि भाइ भरतको सहयोग लिएको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

रिङ्कुको हत्या भएपछि दुर्घटनामा निजको ज्यान गएको देखाउनका लागि भाइ भरतले चलाउने कुखुरा बोक्ने गाडी ना.३च ६२४७ नम्बरको पिकअप भ्यानबाट टाउको किचेर सडकमा छाडिएको थियो।

त्यसपछि प्रहरीको अनुसन्धानमा दुवैजना मिलेर हत्या गरेको र सो घटना लुकाउन संलग्न रहेको थाहा पाएपछि दुवैजनालाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी गराए।

घटनामा प्रयोग भएको गाडी वीरगंज-१७ स्थित शिवम् ह्याचरीमा लुकाइएको थियो। जुन प्रहरीले नियन्त्रणमा लिएको छ।

## हार्दिक समवेदना



जन्म: २०३३/०९/२४

स्वर्गारोहण: २०७९/८/२४

स्व. सुभाष खतिवडा

यस संस्थाका संस्थापक सदस्य तथा पूर्वसचिव **सुभाष खतिवडा**को अल्पायुमा निधन भएकोमा आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**विद्यार्थी जागरण मञ्च (विजाम) परिवार**, वीरगंज-८

## निश्शुल्क आँखा परीक्षण शिविर

प्रस, वीरगंज, ६ पुस/

नेपाल नेत्र ज्योति सङ्घ, पर्साले वीरगंजको तेजारथटोलस्थित कार्यालयमा निश्शुल्क आँखा परीक्षण शिविर सम्पन्न गरेको छ।

सङ्घकी सभापति मधु राणाको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय उपाध्यक्ष श्यामकुमार पोखरेलले शिविरको उद्घाटन गरेका थिए।

कार्यक्रममा सङ्घका भगवतीप्रसाद चौधरी, मदनप्रसाद गुप्ता, सचिव गणेश साह, सन्तोष जैसवाल, मधुसूदन उपाध्याय, राजन श्रीवास्तवलगायतको सहभागिता थियो।

## युएसएआइडी सिविल सोसाइटी एण्ड मिडिया एक्टिभिट मिडिया फेलोशिप च्यालेन्ज फन्ड आवेदन आह्वान

द एशिया फाउण्डेशन प्रमुख कार्यान्वयनकर्ता रहेको पाँच वर्षे (सन् २०२२ देखि २०२७ सम्म) सिविल सोसाइटी एण्ड मिडिया (सिएसएम) एक्टिभिटी यूएसएआईडी(USAID) को सहयोगमा संचालित परियोजना हो। सिएसएमले सर्वजनिक चासो, आधारभूत स्वतन्त्रताहरू तथा जवाफदेहिता प्रवर्धन गर्नका निम्ति महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिको नेतृत्वमा रहेका र तिनै समूह लक्षित स्वतन्त्र नागरिक समाज तथा मिडियालाई टेवा दिन्छ।

यो च्यालेन्ज फन्ड लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा मिडिया तथा पत्रकारितामा पेशागत दक्षता प्राप्त गर्न वा विकास गर्न इच्छुक महिला, युवा तथा सिमान्तकृत समुदायका व्यक्तिहरूका लागि पत्रकारिता फेलोशिपको ढाँचा तयार गर्ने तथा उपलब्ध बनाउने अवसर हो।

**योग्य र मिडिया सम्बन्धित नागरिक समाज संस्थाहरूलाई यस फेलोशीपका लागि अवधारणा पत्र पेश गर्न सिएसएमले प्रस्ताव आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरेको छ।**

**योग्यताबारे सूचना:**

- नेपालमा दर्ता भएका तथा नेपाली नागरिकको नेतृत्वमा रहेका नागरिक समाज संस्था यस अनुदान कार्यक्रम लागि योग्य मानिने छन्। मधेश प्रदेश तथा लुम्बिनी प्रदेशमा दर्ता भएका स्थानीय संस्थालाई यस अनुदानका लागि आवेदन दिन विशेष प्रोत्साहन गरिन्छ।
- मिडिया सम्बन्धि नागरिक समाज संस्था र महिला, युवा तथा सिमान्तकृत समुदायका व्यक्तिद्वारा सञ्चालनमा रहेका नागरिक समाज संस्थाहरूलाई आवेदन दिन प्रोत्साहन गरिन्छ।
- आवेदक संस्थाहरू सञ्चार माध्यम/पत्रकारिता (छापा माध्यममा मात्र सीमित नभई) काम गरेको अनुभव भएको र समावेशीतालाई प्राथमिकता दिने हुनुपर्दछ।

**अनुदानको अनुमानित बजेट:** आवेदकहरूले नेपाली रुपैयाँ १५ लाखदेखि १ करोड २८ लाख ६५ हजारसम्मको (अमेरिकी डलर १ लाख नकटाई) अनुदानका लागि आवेदन पेश गर्न सक्नेछन्।

**आवेदन दिने प्रक्रिया**

- **अभिरुचि पत्र:** आवेदकले challengefund.np@asiafoundation.org मा इमेल लेखेर अवधारणा पत्र तथा बजेटको ढाँचाका लागि अनुरोध गर्नु पर्नेछ। विस्तृत प्रस्ताव आह्वान सम्बन्धि विवरणका लागि यो लिङ्कमा जानुहोस् : https://bit.ly/3FGYBs9

**आवेदन पेश गर्ने मिति तथा समय:** २८ पौष २०७९ बेलुकी ५ बजे भित्रमा माथिको इमेल ठेगानामा पेश गर्नुपर्नेछ।

# स्थानीय चुनावमा खर्च विवरण नबुझाएर दण्डित भएपछि

## प्रतिनिधिसभा तथा प्रदेशसभाका उम्मेदवारहरूले धमाधम खर्च विवरण बुझाए



तस्वीरः फाइल

प्रस, वीरगंज, ६ मङ्सिर/

स्थानीय चुनावमा उम्मेदवारहरूले खर्च विवरण नबुझाएका कारण कारबाईमा परेपछि प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा भने उम्मेदवारहरूले हतार-हतार खर्च विवरण बुझाएका छन् । स्थानीय चुनावमा पर्सा जिल्लाबाट तीन हजार २९८ जना उम्मेदवारमध्ये ४४ जनाले मात्र खर्च विवरण जिल्ला निर्वाचन कार्यालय, पर्सामा बुझाएका थिए ।

यसैगरी, जिल्ला समन्वय समिति र कार्यपालिका सदस्यका १८ जनामध्ये तोकिएको समयमा ३५ दिनभित्र चारजनाले मात्र खर्च विवरण बुझाएका थिए । स्थानीय चुनावमा ८५ जनाले स्पष्टीकरण बुझाएका थिए । निर्वाचन आयोगले तोकिएको समयमा खर्च विवरण नबुझाउनेलाई जरिवाना गरेको थियो । जरिवाना छ महीनाभित्र चुक्ता गर्नुपर्ने समयसीमा दिइएको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका उम्मेदवारहरूले भने धमाधम खर्च विवरण बुझाएको जिल्ला निर्वाचन कार्यालय, पर्साका सूचना अधिकारी अरुण ठाकुरले बताए । उनले १६६ जना उम्मेदवारमध्ये १३४ जनाले खर्च विवरण बुझाइसकेको बताए । पर्सा जिल्लामा निर्वाचन परिणाम सकिएको मितिले पुस १२ गते ३५ दिन सकिँदैछ । यस अवधिमा ३२ जना उम्मेदवारले मात्र खर्च विवरण बुझाउन बाँकी छ ।

सूचना अधिकारी ठाकुरले प्रतिनिधिसभा सदस्यमा राप्रपाबाट समानुपातिकमा परेकी बिना जैसवालले स्थानीय निर्वाचनमा खर्च विवरण नबुझाएपछि तोकिएको जरिवाना तिरेको बताइन् ।

# व्यवसायीहरूद्वारा विरोध गर्दै प्रदर्शन

प्रस, रौतहट, ६ पुस/

बैंक तथा वित्तीय संस्थाहरूले ब्याजदर बढाएको विरोधमा रौतहटका व्यवसायीहरूले विरोध गर्दै प्रदर्शन गरेका छन् । बैंकको निक्षेपमा दुई प्रतिशत र कर्जामा अधिकतम छ प्रतिशत ब्याजदर कायम गर्नुपर्ने माग गर्दै उनीहरूले प्रदर्शनमा गरेका हुन् ।

आर्थिक नीति तथा औद्योगिक एवं व्यावसायिक विकासका प्रतिकूल प्रावधानले निजी क्षेत्र धराशयी बनेको व्यवसायीहरूले दुःखेसो पोखेका छन् ।

नेपाल राष्ट्र बैंकले लागू गरेको चालू पूँजी मार्ग निर्देशन र सोही मार्ग निर्देशनको आडमा वर्तमान आर्थिक मन्दीको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूले मनोमानीरूपमा गरेको ब्याजदर वृद्धिले निजी क्षेत्र धराशयी हुन लागेको व्यवसायीहरूले आरोप लगाएका छन् ।

बैंक तथा वित्तीय संस्थाहरूले जोखिमका आधारमा बढीमा २/३ प्रतिशत मात्र थप प्रिमियम लिनुपर्नेमा मनपरी आठ प्रतिशतसम्म प्रिमियम जोडी ब्याज लिने गरेको व्यवसायीहरूको गुनासो रहेको छ ।


## जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चीसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords Plaza
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## आहा ! रारा पोखरा गोल्डकप पुस दोस्रो सातादेखि




कास्की, ६ पुस/रासस

राजधानी बाहिरको चर्चित र प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आहा ! रारा पोखरा गोल्डकप फूटबल प्रतियोगिताको २२औं संस्करणमा १० टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् ।

सहारा क्लब पोखराको आयोजनामा यही पुस १४ देखि २३ सम्म पोखरा रङ्शालामा हुने सो प्रतियोगिताको यसपालि पुरस्कार राशिमा समेत वृद्धि गरिएको छ ।

प्रतियोगिताको विजेताले रु १२ लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्दा उपविजेताले रु छ लाख प्राप्त गर्नेछ । गत वर्षको तुलनामा विजेतालाई रु दुई लाख र उपविजेतालाई रु एक लाख पुरस्कार वृद्धि गरिएको आयोजक सहारा क्लबका महासचिव रामजीप्रसाद अधिकारीले बताए ।

यस अघि पुस १२ देखि २३ सम्म प्रतियोगिता सञ्चालन गर्ने भनी एन्फाबाट समयतालिका प्राप्त भएकोमा पोखरामा हुने १३ गतेको मैत्रीपूर्ण खेलका कारण दुई दिनपछि प्रतियोगिता सरेको हो । प्रतियोगितामा नेपालका 'ए' डिभिजनका क्लबहरू नेपाल एपिएफ क्लब, मनाङ मर्स्याङ्दी, त्रिभुवन आर्मी फूटबल क्लब, चर्च ब्वायज युनाइटेड फूटबल क्लब, अमेरिकाको बिवाइएससी, मच्छिन्द्र फूटबल क्लब, नेपाल प्रहरी फूटबल क्लब, सङ्कटा, धरान फूटबल क्लब र आयोजक सहारा क्लब पोखराले भाग लिनेछन् । गत वर्ष एपिएफ च्याम्पियन बन्दा उपविजेता मनाङ मस्याङ्दी क्लब भएको थियो ।

विसं २०५८ मा क्याराभान गोल्डकपलाई गणना गर्दै २२औं संस्करणबाट आहा ! रारा पोखरा गोल्डकप नामकरण भई प्रतियोगिता सञ्चालन हुन लागेको हो । प्रतियोगिताबाट बचत रकम क्लबबाट सञ्चालित सूर्यबहादुर केसी स्मृति सहारा फूटबल एकेडेमीका लागि खर्च गरिंदै आएको छ । सो एकेडेमीमा हाल तेस्रो ब्याचको १३ बालक आश्रित रहेका सहारा क्लब पोखराका अध्यक्ष हरिराम गुरुङले बताए । प्रतियोगिताका लागि सहारा क्लब हङकङले रु तीन लाख सहयोग उपलब्ध गराउने छ ।

प्रतियोगिताबाट आम्दानी रु एक करोड ५९ लाख ५० हजार र खर्च रु एक करोड १३ लाख ५६ हजार हुने अनुमान गरिएको छ । 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकूद पर्यटन शहरको रूपमा स्थापित गरौं' उद्देश्यका साथ मोफसलको चर्चित सहारा क्लब पोखराले सञ्चालन गर्ने यो प्रतियोगितामा विगतमा जस्तै यसपटक समेत हिमश्री फूड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउ मुख्य प्रायोजक छ ।

# विवाहको नाचमा झडप, एकजनाको मृत्यु

प्रस, वीरगंज, ६ मङ्सिर/

विवाहको नाचमा झडप हुँदा पर्सा जिल्लामा एकजना युवकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दीपक गिरीले जीराभवानी गाउँपालिका-४ खेखरिया बस्ने ३६ वर्षीय सैमुल्ला राउत गद्दीको हिजो बेलुकी विवाहमा भएको झडपमा घाइते भएको र आज बिहान मृत्यु भएको बताए ।

प्रवक्ता गिरीले सहरूमराउत गद्दीका २२ वर्षीय छोरा साबिरराउत गद्दीको विवाहको अवसरमा आयोजित नाचमा पुस ५ गते पौने १२ बजे राति विवाहमा आयोजित नाचमा मृतक गद्दीले नाचगानमा रोक लगाउँदा जीराभवानी गापा-४ का जाजुलराउत गद्दीसमेतले कुटपिट गरेका थिए ।

सोसम्बन्धी समाचार प्रहरीले पाएपछि इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक किशोर आचार्य नेतृत्वको टोलीले घाइते गद्दीलाई घरबाट बिहान चार बजे उपचारको लागि नारायणी अस्पतालमा ल्याएको र अस्पतालका चिकित्सकले निजलाई मृत घोषित गरेको प्रवक्ता गिरीले बताए ।

घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उनले जानकारी गराएका छन् ।

# बाबा प्रिन्टिङ उद्योगमा आगलागी


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ६ मङ्सिर/

विन्ध्यवासिनी गाउँपालिका-२ गर्दौलस्थित बाबा प्रिन्टिङ एन्ड प्याकेजिङ इन्डस्ट्रिज प्रालिमा मङ्गलवार गएराति पौने १२ बजे आगलागी भएको र करोडौंको क्षति भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

जिप्रका, पर्साका प्रवक्ता तथा सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले राति पौने १२ बजे आगलागी भएपछि तीनवटा वारुणयन्त्र, जनपद र सशस्त्र प्रहरीको टोलीले तीन घण्टाको प्रयासपछि आगलागी नियन्त्रणमा लिएको बताए । आगलागीबाट उद्योगमा रहेका कच्चा पदार्थ, मेशिनरी सामान र कार्टुन नष्ट भएको उनले बताए । आगलागीको कारण भने खुलिनसकेको र उद्योग सञ्चालकले प्रारम्भिक अनुमानमा १४ करोड रुपैयाँको क्षति भएको दाबी गरेको बताए ।

घटना सम्बन्धमा प्रहरी अनुसन्धान जारी रहेको उनले बताए ।

# मोटरसाइकल चोरी गर्ने क्रममा पक्राउ



चोरलाई नियन्त्रणमा लिंदै प्रहरी । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ६ मङ्सिर/

वीरगंज, घण्टाघरस्थित बालाजी मोबाइल सेन्टरअगाडि मोटरसाइकल चोरी गर्ने क्रममा एकजना चोरलाई स्थानीयले पक्राउ गरी कुटपिट गरेर प्रहरीको जिम्मा लगाएका छन् ।

मोबाइल सेन्टरअगाडि मोटरसाइकल राखेर कामविशेषले गएका एकजना व्यक्तिको मोटरसाइकल चोरी गर्ने क्रममा त्यही रहेका स्थानीयले चोरलाई पक्राउ गरेका थिए ।

चोर पक्राउ परेपछि त्यहाँ उपस्थित मानिसले कुटपिट गरेको र नजीकमा रहेको घण्टाघर सामुदायिकका प्रहरीको जिम्मा लगाएका थिए ।

चोरलाई अहिले वडा प्रहरी कार्यालय, बिर्तामा राखिएको छ । चोर पक्राउ परेपछि प्रहरीमा थुप्रैले आफ्नो मोटरसाइकल चोरी भएको गुनासो गरेका थिए ।

# रौतहटका दुई नगर प्रमुख केन्द्रीय सदस्यमा निर्वाचित

प्रस, गरुडा, ६ पुस/

रौतहटका दुईजना नगरप्रमुख नेपाल नगरपालिका सङ्घको केन्द्रीय सदस्यमा सङ्घको केन्द्रीय अधिवेशनबाट दुवैजना निर्वाचित भएका छन् ।


तस्वीरः प्रतीक

निर्वाचित भएपछि दुवै नगरप्रमुखले निर्वाचित भएका छन् । गौर नपाका प्रमुख शम्भु साह कानू र गढीमाईका प्रमुख श्यामप्रसाद यादव केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । काठमाडौंमा जारी सङ्घको विधान अनुसार नगरपालिकाको विकासमा योगदान दिने र रौतहटका नगरपालिकाहरूको मर्यादा वृद्धिका लागि सहकार्य गर्ने प्रतिक्रिया दिएका छन् ।

### छोराको अंश नछुटचाइ ...

सुब्बा अविनाश सिंहले मोठ भिडाउने र सदर गराउने काम अर्का सुब्बा जीतबहादुर चौधरीले गरेको देखिन्छ ।

यस विषयमा मालपोत कार्यालय, पर्साका प्रमुख ऋषिकुमार ढकालले आफूलाई विस्तृत जानकारी नभएको र के कमीकमजोरी भएको भन्नेबारेमा दुवै पक्षको कुरा सुनी अगाडि बढ्ने बताए ।

त्यसैगरी, रामबाबू साहका बुबा शिवपूजनले आफूले चार हकको तीन हक मात्र बिक्री गरेको र एक हकको पैसा छोराले अदालतबाट लडेर लिनसक्ने अवस्था रहेको बताए ।